जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com






वर्ष २६ •अंक २३५ • २०८१ साल माघ ७ गते सोमबार (20 January, Monday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-


## मन्त्री र मेयरबीचको द्वन्द्वले शैक्षिक क्षेत्र अन्योल

**अनिल तिवारी**

वीरगञ्ज । संघीय मामिला तथा प्रशासन मन्त्री राजकुमार गुप्ता र बहुदरमाई नगरपालिकामा मेयर सिंगासन साह तेलीबीचको द्वन्द्वले पर्साको एक स्थानीय तहको शैक्षिक अवस्था नै अन्योलमा परेको छ ।




पदीय शक्तिको द्वन्द्वका कारण पर्साको बहुदरमाई नगरपालिकाका सबै सामुदायिक विद्यालय आइतबार बन्द रहेका छन् । सो नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण विद्यालयमा आइतबार लगाइएको ताल्चाको साँचो पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयलाई बुझाएपछि शैक्षिक क्षेत्रमा अन्योल देखिएको छ । सबै विद्यालयका शिक्षक-शिक्षिका तथा कर्मचारीहरु सामूहिक रुपमा जुलुस प्रदर्शन गर्दै विद्यालयमा लगाइएको ताल्चाको साँचो प्रमुख जिल्ला अधिकारी अर्याललाई बुझाएका थिए ।

६ महिना देखि तलबभत्ता नपाएको भन्दै नगरपालिकामा रहेका २० वटा सामुदायिक विद्यालयको साँचो सामूहिक रुपमा प्रजिअ अर्याललाई साँचो बुझाइएको छ । शिक्षकहरुले तलबभत्ता नपाए पछि नगरपालिकाका प्रशासनको विरोध स्वरुप आइतबार देखि अनिश्चितकालका लागि विद्यालय बन्द गरिएको छ ।

मेयर तेलीले प्रमुख प्रशासकीय अधिकृत महमद शेरे मुस्तफाको सरुवाको माग गर्दै अर्को प्रमुख प्रशासकिय अधिकृत पठाउन संघीय मामिला तथा प्रशासन मन्त्रालयसंग माग गर्दै आएका छन् । तर मन्त्री गुप्ताले मेयर तेलीको मागलाई बेवास्ता गरेपछि सोको असर शैक्षिक क्षेत्रमा परेको छ ।

सो नगरपालिका मन्त्री गुप्ताको संसदीय निर्वाचन क्षेत्र हो । जसकारण राजनीतिक विवाद चुलिँदै गएको छ ।

मन्त्री गुप्ता र मेयर तेलीबीचको विवादका कारण नगरपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षक-शिक्षिकाहरुले गत साउनदेखि नै तलबभत्ता पाएका छैनन् । सेवाग्राहीको कामकाजमा प्रत्यक्ष असर परेको छ ।

मेयर तेलीले प्रमुख प्रशासकीय अधिकृत मुस्तफालाई आर्थिक कारोबारको अख्तियारी नदिएका कारण नगरपालिकाका कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षक-शिक्षिकाहरुले ६ महिनादेखि तलबभत्ता पाउन सकेका छैनन् ।

आइतबार नेपाल शिक्षक महासंघ पर्साको अगुवाईमा शिक्षक-शिक्षिकाहरुले गत साउनदेखि पुससम्म ६ महिनाको र दशैं खर्च बापतको १ महिना गरेर ७ महिनाको तलबभत्ता नपाउँदा आफूहरुको घर खर्च टार्न पनि समस्या परेको भन्दै बाध्य भएर विद्यालयमा ताल्चा लगाइ साँचो प्रजिअ अर्याललाई जिम्मा लगाइएको बताए ।

### बहुमतबाट संकल्प प्रस्ताव पारित

## कार्यकर्ता पोस्ने बाटो खुल्यो, उपभोक्ता समितिमार्फत काम गराइने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको चालु आर्थिक वर्ष ०८१/०८२ को बजेट वक्तव्यको १४७ नम्बर बुँदा संशोधन गरी प्रदेशसभाबाट संकल्प प्रस्ताव बहुमतले पारित गरेको छ । उपभोक्ता समितिबाट काम गराउनका लागि बाधक बुँदा फुकाउनका लागि मत विभाजन मार्फत संकल्प प्रस्ताव बहुमतले पारित गरेको छ ।



संकल्प प्रस्तावको पक्षमा ४३ र विपक्षमा १६ मत परेको छ । सभामुख रामचन्द्र मण्डलले उपस्थित संख्याको बहुमत प्रस्तावको पक्षमा परेकोले सो प्रस्ताव पारित भएको घोषणा गरेका थिए । प्रदेशसभामा १०७ प्रदेशसभा सदस्यमध्ये ५९ जना मात्रै उपस्थित रहेका थिए ।

उपभोक्ता समितिबाट काम गराउन बाधक रहेको बजेट वक्तव्यको १४७ नम्बर बुँदाको बाधा फुकाउन सत्ता पक्षबाट लोसपा नेपालकी प्रदेशसभा सदस्य रुपाकुमारी यादवले संकल्प प्रस्ताव आइतबार सदनमा पेश गरेकी थिइन् । जसको समर्थनमा नेकपा एमालेबाट पल्टी देवी महरा, नेपाली कांग्रेसबाट अञ्जना पण्डित, जनमत पार्टीबाट हसिना खातुन र राप्रपाबाट कञ्चन विच्छा छन् ।

चालु आर्थिक वर्षको बजेट वक्तव्यको १४७ नम्बर बुँदामा खुल्ला प्रतिस्पर्धाबाट काम गराउने उल्लेख छ । चालु आर्थिक वर्षमा सो बुँदाले जनमत नेतृत्वको मधेश सरकारको कामकाज नै ठप्प भएपछि कार्यकर्तालाई बजेट बाँड्नका लागि भए पनि सत्ता गठबन्धन संकल्प प्रस्ताव सदनमा लगेको थियो ।

सोको विपक्षमा प्रमुख प्रतिपक्षी जसपा नेपाल, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले प्रस्तावको विपक्षमा मत दिएको थियो ।

बजेटको बुँदा १४७ नम्बरमा स-साना सार्वजनिक निर्माणका कार्य गर्नु परेमा वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय सरकारमार्फत कार्यान्वयन गर्ने नीति लिइएइको थियो ।

बजेटमा उल्लेखित बुँदा नं. १४७ मा 'मधेश प्रदेश सरकारको यस आर्थिक वर्षको सार्वजनिक निर्माण सम्बन्धी आयोजनाहरूको कार्यान्वयन गर्दा विनियोजित बजेट ५० लाखभन्दा माथिलाई अनिवार्य ठेक्का प्रक्रियामा लाने र अन्यको हकमा नेपाल सरकारको सार्वजनिक खरीद ऐन २०६३ र सो ऐनको संशोधित नियमावली अनुसार रहेका सबै खरीद विधिमध्ये उपयुक्तताको आधारमा खरीद प्रक्रिया गरिनेछ । यसका साथै चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा विभिन्न स्थलहरूका कार्य एउटै क्रियाकलापमा जोडिएको योजनाहरूलाई छुट्टाछुट्टै रुपमा कार्यान्वयन र रकम बाँडफाट सम्बन्धी निर्णय सम्बन्धित मन्त्रालयले गर्न सक्नेछ' भन्ने व्यवस्था गरिएको छ ।

पूर्व अर्थमन्त्री भरतप्रसाद साहले अहिले सरकारमा सहभागी रहेका दलहरूको सहमतिमै बजेट ल्याएको उल्लेख गर्दै सरकारको कमजोरीले खर्च हुन नसकेको प्रतिक्रिया दिए । सरकारले टेन्डर प्रक्रियाबाट बजेट खर्च गर्न नसकेपछि उपभोक्ता समितिबाट खर्च गर्ने भन्ने कुरा तर्क संगत नभएको उनको भनाइ छ ।

जसपा नेपाल मधेश प्रदेशका मुख्य सचेतक रामआशिष यादवले सो प्रस्ताव कुनै पनि हिसाबले सार्वजनिक महत्वको नभएको बताए ।

यसअघि निर्माण व्यवसायीले मुख्यमन्त्री सतीशकुमार सिंहलाई उपभोक्ता समितिबाट हुने गरेको विकास निर्माणको काममा व्यापक अनियमितता र कमसल गुणस्तरहीन काम भइरहेको दाबी गरेको थियो । धनुषा निर्माण व्यवसायी संघका अध्यक्ष अशोक कुमार चौधरीले मधेश प्रदेशको विकास निर्माणको कामका लागि टेन्डर प्रक्रियामार्फत नै अघि बढ्न प्रदेश सरकारलाई सुझाव दिँदै ज्ञापनपत्र समेत बुझाएका थिए ।

तर मुख्यमन्त्री सिंहले सत्ता जोगाउने नाममा कांग्रेस, एमाले र लोसपा नेपालको दबाबमा संकल्प प्रस्तावमार्फत निर्माण व्यवसायीको मागलाई बेवास्ता गर्दै बजेटमा गरिएको संशोधनले कार्यकर्ता पोस्ने काम भएको उनको भनाइ छ ।







# नेपाल एसबिआई बैंक लि. द्वारा सहयोग रकम हस्तान्तरण

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसबिआई बैंक लि. ले सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गतपोखरा महानगरपालिका ०३, नदीपुर, कास्की स्थित नेपाल भारत मैत्री पुस्तकालयलाई सहज रुपमा सञ्चालन गर्ननेपाल भारत मैत्री संघ, कास्कीलाई धोजुलाई औपचारिक रुपमा हस्तान्तरण गरेका थिए । सो कार्यक्रममालेफ्टिनेन्ट कर्नल, श्री प्रसान्त सिङ बागेल, बैंक तथा संघकाअन्य पदाधिकारीहरु समेतको उपस्थिति रहेको थियो । बैंकले शिक्षा क्षेत्रमा यस किसिमको कार्यक्रम समय समयमा गर्दै आइरहेको छ।

हाल बैंकले १०० शाखा,



रु ३.०० लाख आर्थिक सहयोग गरेको छ। उक्त सहयोग रकम बैंकका गण्डकी प्रदेश प्रमुख,श्री मिन वहादुर गरुङले संघका अध्यक्ष, श्री गोपाल २२ एक्सटेन्सन काउण्टर, ७ प्रदेश कार्यालय, १९ शाखारहित बैंकिङ सेवा, १२२ एटीएमर १ कर्पोरेट कार्यालयमार्फत सेवा प्रदान गर्दै आएको छ।

# घुम्ती पुस्तकालयबारे जनचासो बढ्दै



महोत्तरी । महोत्तरीमा पछिल्लो समय घुम्ती पुस्तकालय (बुकबस)बारे जनचासो बढ्दै गएको छ । भङ्गाहा नगरपालिका-४ राष्ट्रिय आधार भूत विद्यालय, दलित र जनजाति बसोबासका टोलकेन्द्रित घुम्ती पुस्तकालयका कारण पठन रुचि बढाएको अभिभावकले बताएका छन् ।

अमेरिकी राजदूतावास र कारखाना समूहको पहलकदमीमा युवा सञ्जाल महोत्तरीले घुम्ती पुस्तकालय गतिविधि संयोजन गरेको हो ।

"विद्यालयबाट घर आएपछि खेल्न बढी ध्यान दिने बालबालिका घुम्ती पुस्तकालयबारे चासो दिन थालेका छन्", स्थानीय ३२ वर्षीय रामईश्वर ठाकुर भन्नुहुन्छ, "घुम्ती पुस्तकालयले पढ्ने बानीको विकास भएको छ ।"

घुम्ती पुस्तकालयमा सचित्र वर्णनात्मक सामग्री, खेल सामग्री र मनोरञ्जनात्मक अभ्यास गराउने गरिएको छ । "पुस्तकसँगको सम्बन्ध बढाउन र पठन अभिरुचि जगाउन खेल्दै, सिक्दै गर्ने विधि प्रभावकारी हुँदोरहेछ", स्थानीय अशोककुमार महतोलेभन्नुभयो।घुम्तीपुस्तकालय विद्यालय र बस्तीका चोकचोकमा पुर्याउँदा बालबालिकाको ध्यान यसतर्फ जान थालेको छ।

बालबालिका घुम्ती पुस्तकालयतर्फ आकर्षित भएपछि आफूहरुलाई उत्साहित बनाएको युवा सञ्जालका अध्यक्ष रवीन्द्रकुमार महतोले बताउनुभयो । जिल्लामा पहिलो चरणको दुईदिने अभ्यासमा तीन सयभन्दा बढी बालबालिका सहभागी भएका उहाँको भनाइ छ। "घुम्ती पुस्तकालयको उद्देश्य ससाना बालबालिकामा पढाइप्रति रुचि जगाउनु र खेलकुदको माध्यमले सिकाइ अवधारणा स्थापित गर्नु हो", उहाँ भन्नुहुन्छ।

सामुदायिक विद्यालय तथा शिक्षाको पहुँचबाहिरका वर्ग, समुदायलाई लक्षित गरे यो कार्यक्रम बागमती, सुदूरपश्चिम र मधेस प्रदेशमा सञ्चालन भइरहेको युवा सञ्जालले जनाएको छ । सञ्जालले घुम्ती पुस्तकालयको अभ्यास र गतिविधि भङ्गाहा नगरक्षेत्रका सबैजसो विद्यालय र विद्यालय नजिकका बस्तीमा गराउने जनाएको छ। भङ्गाहापछि मनराशिशवा र मटिहानी नगरपालिकामा घुम्ती पुस्तकालय पुर्याइने अध्यक्ष महतोले जानकारी दिनुभयो ।रासस

# बिपी उद्यानमा रहेका व्यापारीको स्थानान्तरणका लागि दुई विकल्प

वीरगञ्ज । वीरगञ्ज महानगरले बिपी उद्यान अतिक्रमण गरी बसेका तरकारी, फलफूल तथा कपडा व्यापारीलाई स्थानान्तरणका लागि दुई वटा विकल्प दिएको छ । महानगरले दोस्रो पटक सार्वजनिक सूचना जारी गरेर उद्यान परिसरमा रहेका अस्थायी घर-टहरा, तरकारी तथा फलफूलको बजार हटाउनका लागि विकल्प प्रस्ताव गरेको हो।




वीरगञ्ज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले बिपी उद्यान संरक्षण गर्दै व्यापारीलाई व्यवस्थित गर्न लागिएको बताउनुभयो । "उद्यान परिसरमा व्यापार तथा व्यवसाय गर्दै आएका फलफूल तथा तरकारी व्यापारीलाई वडा नं १६ नगवास्थित कृषि बजारमा राख्ने व्यवस्था मिलाएका छौं", उहाँले भन्नुभयो, "दोस्रो विकल्पमा वडा नं २ छपकैयाँमा ३२ कठ्ठा क्षेत्रफलमा सेड तयार पार्ने काम भइरहेको छ।"

कर्णले सेडमा अत्यावश्यक पूर्वाधार निर्माण प्रा भएपछि बिपी उद्यान खाली गर्ने अभियानले सार्थकता पाउने बताउनुभयो । "अहिले सेड निर्माणसँगै खाल्डाखुल्डी पुर्ने र विद्युत् जडानलगायतका काम भइरहेको छ, सेडको अत्यावश्यक संरचना तयार हुनेबित्तिकै बिपी उद्यान खाली गराउँछौं", उहाँले भन्नुभयो।

महानगरले गत पुस २० गते बिपी उद्यानमा रहेका अस्थायी घरटहरा बनाएर बसेका डोमबस्तीको संरचना भत्काएको थियो । यद्यपि अहिले पनि तरकारी, फलफूल तथा कपडा व्यापार भने त्यहीं व्यापार गरिरहेका छन् । प्रमुख प्रशासकीय अधिकृत कर्णले बिपी उद्यानका अतिक्रमण गरी निर्माण गरिएका सबै पसल हटाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

महानगरले यसअघि गत मङ्सिर २६ गते १५ दिने सार्वजनिक सूचना जारी गरी बिपी उद्यानमा राखिएका तरकारी तथा फलफूल बजार हटाउनका लागि निर्देशन दिएको थियो। उक्त म्याद गत पुस १० गते सकिएको थियो। तर, सो अवधिमा तरकारी तथा फलफूल व्यापारीले बिपी उद्यानको ठाउँ खाली गर्न अटेरी गरेपछि महानगरले दोस्रो पटक गत पुस १२ गते सात दिने म्याद राखेर सार्वजनिक सूचना जारी गरेको थियो।

दोस्रो पटक सार्वजनिक सूचना जारी गर्दा पनि खाली नगरेपछि महानगरले गत पुस २० गते डोजर लगाएर बिपी उद्यान परिसरमा अस्थायी घरटहरा बनाएर बसेका डोम समुदायको टहरा भत्काएको थियो । बिपी उद्यान व्यवस्थित गरी पर्यटकीय गन्तव्य बनाउने महानगरको तयारी छ ।रासस

# एक सय ९५ किलो गाँजासहित पक्राउ

काठमाण्डु । पर्साको वीरगञ्ज महानगरपालिका-१९ बर्वाबाट एक सय ९५ किलो अवैध लागुऔषध गाँजासहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ। मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१२ रमनटार बस्ने ३६ वर्षीय सुकलाल महर्जनलाई गएराति प्रहरीले पक्राउ गरेको हो।

इलाका प्रहरी कार्यालय पोखरीयाबाट खटिएको प्रहरीले बा प्र ०३-००१ ख ३५८७ नम्बरको ट्रकबाट उक्त परिमाणको गाँजा 'अनलोड' गरी परालको थुप्रोमा लुकाइछिपाइ भाग्ने क्रममा ट्रक चालक सुकलाललाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षद्वारा आज प्रकाशित प्रहरी बुलेटिनमा जनाइएको छ।



रौतहटको चन्द्रपुर नगरपालिका-४ बाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ एक ग्रामसहित सोही ठाउँ बस्ने ३४ वर्षीय प्रचण्डबहादुर थापालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट खटिएको प्रहरीले निजलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

बर्दियाको बढैयाताल गाउँपालिका-६ मैनापोखर बजारबाट चरेश जस्तो देखिने दुई किलो ९६ ग्रामको पदार्थसहित जाजरकोट जुनिजाँदे गाउँपालिका-५ मैफ बस्ने १९ वर्षीय कृष्ण थापालाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ।


त्यस्तै, कैलालीको गोदावरी नगरपालिका-१ बाट अवैध लागुऔषध चरेश जस्तो देखिने पदार्थ ७३ ग्रामसहित बैतडी पाटन नगरपालिका-८ घर भएका २९ वर्षीय जग्दिश भट्टलाई शनिबार बेलुकी प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले शङ्का लागि निजको पसल खोजतलासी गर्दा उक्त पदार्थ फेला पारेको थियो।

यसैगरी कैलालीको धनगढी उपमहानगरपालिका-१ पार्क मोडबाट अवैध लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ एक सय ९० मिलिग्रामसहित दुई जनालाई प्रहरीले गतराति पक्राउ गरेको छ। सोही ठाउँका २२ वर्षीय अभिषेक बसुवा र गौरीगङ्गा नगरपालिका-१ का २२ वर्षीय विष्णु गुरूङ पक्राउ परेका प्रहरीद्वारा प्रकाशित प्रहरी बुलेटिनमा जनाइएको छ ।रासस

# जगदम्बा मोटर्सद्वारा 'अनस्टपेबल फ्रिडम' अभियानको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । टीभीएस मोटरसाइकलको नेपालका लागि आधिकारिक वितरक जगदम्बा मोटर्सले आफ्नो लोकप्रिय फ्ल्यागशिप मोडेलहरू– टीभीएस अपाचे आरटीआर १६० रीफ्रेश ४ भि एफ३ डी र अपाचे आरटीआर १६० २ भि रीफ्रेश बी टी का लागि रोमाञ्चक अफरको घोषणा गरेको छ । यस अफर अन्तर्गत कम्पनीले बाइक पारखीहरूलाई 'अनस्टपेबल फ्रिडम'को अनुभव पस्कँदै २ वर्षसम्मका लागि समस्या रहित लिमिटलेस राइडको सुनिश्चितता प्रदान गर्ने उद्देश्य लिएको कम्पनीले जानकारी दिएको छ।




यो विशेष अफर अन्तर्गत बागमती, लुम्बिनी र गण्डकी प्रदेशका ग्राहकहरूले २ वर्षसम्मका लागि निःशुल्क स्पेयर पार्ट्स, इन्जिन आयल र सर्भिस प्राप्त गर्न सक्नेछन् । यी सुविधाले आफ्ना उपभोक्तालाई सहज र चिन्तारहित यात्रा तथा प्रयोग अनुभव प्रदान गर्ने कम्पनीको विश्वास छ।

टीभीएस अपाचे आरटीआर सिरिजले उन्नत रेसिङ प्रविधि उपयोग गर्दै ब्रान्डको 'रेसिङ डीएनए अनलिश्ड'को सिद्धान्तलाई प्रतिबिम्बित गर्दछ। उच्च प्रदर्शन, आकर्षक डिजाइन, र उत्कृष्ट ह्यान्डलिङको संयोजनले यी बाइक शक्ति र सटिकताका लागि निर्माण गरिएको प्रष्ट हुन्छ। सिरिजले रोमाञ्चक यात्रा गर्न मनपराउनेहरूका साथै दैनिक यात्रुहरूको आवश्यकतालाई समेत पुरा गर्ने कम्पनीको भनाइ छ।

ग्राहकहरूको सहजतालाई विशेष प्राथमिकतामा राख्दै, टीभीएसले चुनिएका सर्भिस स्टेसनहरू मार्फत ६० मिनेटभित्र स्पेयर पार्ट्स सुविधा काठमाडौं उपत्यकाका ग्राहकलाई प्रदान गर्ने व्यवस्था गरेको छ । ग्राहक सन्तुष्टि सुनिश्चितताका लागि टीभीएसको बाइक वा स्कुटरको खरिद गर्दा आजीवन वारेन्टी पनि टीभीएसले प्रदान गर्नेछ । यसले ब्रान्डलाई ग्राहक केन्द्रित र गुणस्तरीय सेवा प्रदान गर्ने कार्यमा अग्रणी प्रमाणित गर्ने कम्पनीको विश्वास छ। टिभिएससँग जोडिन र विशेष अफरहरू बारे सूचना प्रदान गर्ने सम्पूर्ण सुविधाहरू उपलब्ध गराउने जानकारी पनि दिएको छ।

जगदम्बा मोटर्स प्रा लि नेपालमा टिभिएसका दूई पांग्रे सवारी साधनका लागि आधिकारिक वितरक हो । कम्पनीको नेपालभर १४० भन्दा बढी डिलरहरुको बलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टिभिएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ। गुणस्तरीय उत्पादनहरु, बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धता मार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टिभिएस नेपालको सर्वाधिक रुचाइएको टू-ह्विलर ब्राण्डका रुपमा स्थापित छ।

# अवैध कपडासहित रिक्सा र मोटरसाइकल नियन्त्रण



**टुडे समाचारदाता**

रौतहट। भन्सार छलीको कपडासहित ई- रिक्सा र दुई थान मोटरसाइकल सहित चालकलाई जिल्ला प्रहरी कार्यालय रौतहटको गस्ती टोलीले पक्राउ गरेको छ। गौर चन्दनिगाहपुर सडक खण्ड अन्तर्गत भुनखुनवा चोकमा चेकजाँचको क्रममा प्रहरीले भन्सार छलीको कपडा बोकेको मधेश प्रदेश ०३-००१ ह ३२०२ नम्बरको ई- रिक्सासहित चालकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा चालक ईशनाथ नगरपालिका २ का ३० वर्षीय शम्भु साह तेलीसहितलाई आवश्यक कारबाहीका लागि शुक्रबार जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको जिल्ला प्रहरीका सहप्रवक्तासमेत रहेका प्रहरी निरीक्षक उमाशंकर प्रसादद्वारा जारी सूचनामा उल्लेख गरिएको छ। बरामद कपडा र ई- रिक्साको कुल ६ लाख ८७ हजार मूल्यांकन गरिएको उनले बताए।

त्यसैगरी इलाका प्रहरी कार्यालय कोपवा पिपरियाको गस्ती टोलीले अवैध भारतीय चप्पलसहित २ थान मोटरसाइकल बरामद गरेको छ।

भारतीय बजारबाट चोर बाटो हुँदै ल्याउँदै गरेको वीआर ०५ जी ०६२७ र वीआर ०६ एजी ५३१४ नम्बरको २ मोटरसाइकल बरामद गरी कुल २ लाख ३८ हजार रुपैयाँ मूल्यांकनसहित आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको छ।

## सर्टिफिकेट हरायो

मेरो निम्न ब्यहोरा भएको इन्जिनियरिङ्गकोसर्टिफिकेटहरु(माइग्रेशन, प्रोभिजनल, ट्रान्सकिप्ट, डिग्री) मिति २०८१/०९/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : अमरसिंह यादव**
**विश्वविद्यालय : हिमाञ्चल प्रदेश टेक्निकल विश्वविद्यालय, हमिरपुर, एच.पी. (भारत)**
**सिम्बोल नं.: BT24010032**
**रजिष्ट्रेशन नं.: 03BT24010032**
**ठेगाना:जि.ध. जनकपुरधाम–१९**
**मो.नं.९८१५८५३५२८**

# 'देशको आवश्यकताअनुसार बनेको वर्तमान सरकार कसैले चाहँदैमा ढल्दैन'

धनकुटा। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले वर्तमान गठबन्धन सरकार जनताले दिएको जनमत र देशको आवश्यकताअनुसार बनेकाले कसैले चाहँदैमा नढल्ने बताउनुभएको छ।

पार्टी जिल्ला कमिटी धनकुटाले आयोजना गरेको तीन महिने 'जरा केन्द्रित अभियान' को आज यहाँ उद्घाटन गर्दै उहाँले साना दलविना सरकार नै नबन्ने नकारात्मक सन्देश तोड्न वर्तमान सरकार बनेकाले यो निरन्तर अगाडि बढ्ने बताउनुभयो । महासचिव पोखरेलले हालको संसद्मा दलहरूको उपस्थितिले गर्दा सरकार सञ्चालनको जनमत एमाले र कांग्रेसलाई मिलेर अगाडि बढ्ने रहेको भन्दै सोहीअनुसार सत्ता सहकार्य भएको धारणा राख्नुभयो।

नेकपा (माओवादी केन्द्र) सँगको गठबन्धन सरकार विघटनको प्रशंग सुनाउँदै उहाँले ३२ सिट भइको पार्टीले एमाले र कांग्रेसभन्दा ठूलो भएको दम्भ देखाएकाले वर्तमान गठबन्धन बनेको जिकिर गर्नुभयो।

संसद्मा प्रतिनिधित्वका आधारमा कांग्रेस र मतका आधारमा एमाले पहिलो दल भएकाले जनताको मतको सम्मान गर्न र साना दलहरूको अनावश्यक दम्भ अन्य गर्न पनि वर्तमान सरकारले स्थायित्व पाउने महासचिव पोखरेलको भनाइ थियो।

कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, पूर्वखानेपानीमन्त्री राजेन्द्रकुमार राई, प्रदेशका पूर्वमुख्यमन्त्री शेरधन राईले सम्बोधन गर्नुभएको थियो। रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक
मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।
गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |


## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको औरही नगरपालिका-१ स्थित औरही बजारमा प्याजको बीउ बेच्दै स्थानीय किसान । यस बजारमा प्याजको बीउ पाँच किलोको तीन सय रूपैयाँ बिक्री भइरहेको छ । *तस्बिरः रासस*

# चिया बेचेरै मासिक एक लाख कमाउँछन् विनोद



बरहथवा । सर्लाहीको लालबन्दीस्थित पूर्वपश्चिम राजमार्गसँगै तरकारी बजारको छेवैमा एउटा सानो ठेला उभ्याइएको छ । ठेलामाथि एक थान सिलिन्डर ग्यास, त्यसमा जोडिएको चुलो, दूधले टिलपिल भरिएको डेक्ची, चुलोमा निरन्तर चिया उमालेको ताप्के तथा छेवैमा केही थान गिलास राखिएका छन् । यो विगत १८ वर्षदेखिको दृश्य हो ।

सधैँ चियाका पारखीको भीडले घेरिरहने चिया पसले हुन् विनोद साह । लालबन्दी नगरपालिका-९ का ४२ वर्षीय साहले चिया बेचेरै नाम, दाम र पहिचानसमेत बनाउनुभएको छ । बिहान ४ देखि अबेर साँझसम्म उहाँको चिया पसल चियाका पारखीले घेरिरहेको हुन्छ ।

“दैनिक सबेरै पसलमा आउँछु, साँझ ८ बजे मात्र पसल बन्द गरेर घर फर्कन्छु, विगत १८ वर्षदेखिको मेरो दैनिकी यही हो”, साहले भन्नुभयो- “कहिलेकाहीँ बिहान थोरै ढिला हुँदा पनि ग्राहकले गाली गर्नुहुन्छ ।” विसं २०५९ मा लालबन्दी नगरपालिकास्थित बस्तीपुरमामा रहेको जनज्योति माध्यामिकविद्यालयबाट एसएलसी उत्तीर्ण गर्नु पहिला नै उहाँले चिया पकाउनु सुरु गर्नुभएको थियो । रौतहटको दुर्गा भगवतीपुर गाउँपालिका-५ पुर्ख्यौली घर भएको साह परिवार बागमतीको बाढीले घरखेत बगाएपछि लालबन्दी बसाइँ सरेको हो । हाल बसोबास रहेको स्थान साहको मामाघर हो ।

“घरखेत बागमतीको बाढीले बगाएपछि मामाघरका हजुरबुबाले आमाबुबालाई यतै बोलाउनुभयो”, उहाँले भन्नुभयो, “त्यसपछि आमाबुबाले हरियो मकै पोलेर, बदाम भुटेर बेच्ने र त्यसबाट आएको पैसाले परिवारको गुजारा गर्नुहुन्थ्यो ।”

आमाबुबालाई सघाउँदासघाउँदै परिवारका लागि आफूले पनि केही गर्नुपर्छ भनेर चिया बेच्न सुरु गरेको साहले बताउनुभयो । “ज्योतिषले हात हेर्दा होटल व्यवसाय फाप्छ भनेका थिए”, उहाँले भन्नुभयो, “होटल खोल्न परिवारसँग पैसा थिएन । धेरथोर ऋण गरेर चिया व्यापार सुरु गरेँ ।” यसैबाट परिवारको गुजारासँगै घरबास जोडेको उहाँले बताउनुभयो । साहले बिहान सबेरैदेखि राति अबेरसम्म दैनिक झण्डै तीन सय कप चिया बेच्ने गरेको सुनाउनुभयो । त्यसबाट उहाँले दैनिक रु छ हजारसम्मको कारोबार गर्नुहुन्छ ।

चियाका लागि दैनिक डेरीबाट ४० देखि ५० लिटर दूध किनेर ल्याउने गरेको साहले बताउनुभयो । “प्रतिलिटर दूधको रु ९० तिर्नुपर्छ”, उहाँले भन्नुभयो, “एक कप चिया रु २० मा बेच्छु ।” उहाँका अनुसार पसलमा आउने धेरै ग्राहक नियमित रुपमा आउने गरेका छन् । चिया बेचेरै आफूले लालबन्दीमा १५ धुर घडेरी किनेर एकतले पक्की घर बनाएको साहले सुनाउनुभयो ।

“त्यतिबेला घडेरी किन्दा रु एक लाख तिरेँ”, उहाँले सुनाउनुभयो, “विस्तारै विस्तारै गरेर रु ३५ लाख खर्च गरेर घर बनाएको छु । दुई छोरा र एक छोरीलाई बोर्डिङ स्कुलमा पढाए । खान लगाउन अहिलेसम्म समस्या भएको छैन ।” महिनामा रु एक लाख ५० हजारभन्दा बढीको कारोबार हुने गरेको उहाँको भनाइ छ । सुरुमा एक वर्ष चिया पसल चलाउँदा उधारो भएर घाटा लागेको साहको अनुभव छ । त्यसयता उहाँले फेरि जीवन गुजाराको विकल्प सोच्नुपरेको छैन । चिया पसलबाट पैसाका साथै साथीभाइ र नाम कमाएको साहको भनाइ छ । साथीभाइकै सहयोगमा पाँच महिना अघि उहाँले छोरालाई उच्च शिक्षा अध्ययनका लागि जर्मनी पठाउनुएको छ ।

साहका अनुसार कान्छो छोरा कक्षा ११ मा र छोरी कक्षा १० मा बोर्डिङ स्कुलमा पढिरहेका छन् । चिया व्यापारकै कारण अन्य व्यापार, जागिर र वैदेशिक रोजगारका बारेमा सोच्न नसकेको उहाँ बताउनुहुन्छ । लालबन्दी साहको मावली गाउँ भएकाले सबैले उहाँलाई भान्जा भनेर सम्बोधन गर्छन । उहाँ पनि चिया खान आउने साना ठूला सबैलाई मामा भनेर सम्बोधन गर्नुहुन्छ । त्यसैले साहको चिया पसल लालबन्दीभरि ‘भान्जाको चिया पसल’का नामले परिचित छ ।रासस

**महिनामा रु एक लाख ५० हजारभन्दा बढीको कारोबार हुने गरेको उहाँको भनाइ छ । सुरुमा एक वर्ष चिया पसल चलाउँदा उधारो भएर घाटा लागेको साहको अनुभव छ ।**

# सरकारले तिर्न बाँकी ऋण रू २५ खर्ब ३६ अर्ब

काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिसम्म सरकारको तिर्न बाँकी ऋण रू २५ खर्ब ३६ अर्ब नाँघेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको गत पुस मसान्तसम्मको ऋणको प्रतिवेदनअनुसार पछिल्लो छ महिनामा मात्र रू एक खर्ब दुई अर्ब सरकारी ऋण थपिएको छ ।

“चालु आर्थिक वर्षको सुरुमा सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा पुस मसान्तसम्ममा रू एक खर्ब दुई अर्ब तीन करोड थप वृद्धि भई कूल सार्वजनिक ऋणको दायित्व रू २५ खर्ब ३६ अर्ब १३ करोड पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४४ दशमलव ४६ प्रतिशत हुन आउँछ”, कार्यालयको प्रतिवेदनमा भनिएको छ ।

कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव ३१ प्रतिशत अर्थात् रू १३ खर्ब एक अर्ब ४१ करोड ७३ लाख बराबर छ । कूल गार्हस्थ्य उत्पादनसँग बाह्य ऋणको अनुपात २२ दशमलव ८१ प्रतिशत हो ।

त्यस्तै, कूल सार्वजनिक ऋणमा आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ६८ अर्थात् रू १२ खर्ब ३४ अर्ब ७१ करोड ४१ लाख बराबर छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋणको प्रतिशत २१ दशमलव ६४ प्रतिशत हो ।

सरकारले चालु आर्थिक वर्षमा कूल रू पाँच खर्ब ४७ अर्ब ऋण उठाउने लक्ष्य राखेकामा गत पुस मसान्तसम्ममा रू दुई खर्ब ४० अर्ब आठ करोड ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको ऋण प्राप्ति ४३ दशमलव ८९ प्रतिशत हो ।

चालु आर्थिक वर्षका लागि रू तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने सरकारको लक्ष्य रहेकोमा पुस मसान्तसम्ममा रू एक खर्ब ८१ अर्ब पाँच करोड अर्थात् वार्षिक लक्ष्यको ५४ दशमलव ८६ प्रतिशत ऋण उठाइएको छ । त्यस्तै रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने वार्षिक लक्ष्य रहेकामा पुस मसान्तसम्ममा २७ दशमलव २० प्रतिशत अर्थात् रू ५९ अर्ब तीन करोड प्राप्ति भएको छ ।

सार्वजनिक ऋणको साँवा ब्याज तिर्नका लागि सरकारले चालु आर्थिक वर्षका लागि रू चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन गरेको छ । गत पुस मसान्तसम्ममा साँवा ब्याज तिर्न रू एक खर्ब ८२ अर्ब ४० करोड खर्च भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ४५ दशमलव २८ प्रतिशत हो । कूल गार्हस्थ्य उत्पादनका आधारमा पुस मसान्तसम्ममा कूल ऋण सेवा खर्च तीन दशमलव २० प्रतिशत रहेको कार्यालयले जनाएको छ ।रासस




# २६ सय अङ्कमा पुग्यो नेप्से परिसूचक, कारोबार रकम रु छ अर्बभन्दा बढी

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आइतबार दुई हजार छ सय अङ्कभन्दा माथि उक्लिएको छ । आजको कारोबारपछि परिसूचक शून्य दशमलव ४८ प्रतिशत अर्थात् १२ दशमलव ५८ अङ्कले बढेर दुई हजार छ सय एक दशमलव २१ अङ्कमा पुगेको हो ।




आइतबार विभिन्न तीन सय २५ कम्पनीका एक करोड २९ लाख ८२ हजार छ सय १९ कित्ता शेयर ७२ हजार पाँच सय ४० पटक खरिद बिक्री हुँदा रु छ अर्ब २५ करोड ७२ लाख ३५ हजार छ सय २४ मा कारोबार भएका छन् । आइतबारको कारोबारपछि बजारपुँजीकरण रु १४ खर्ब ३९ अर्ब ९८ करोड ९६ लाख ४७ हजार नौ सय ३२ पुगेको छ ।

आइतबार बोटलर्स नेपाल (बालाजु) लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । साथै विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ०९, साम्लिङ पावर कम्पनीको शेयर मूल्य सात दशमलव ४६, नेपाल रिपब्लिक मिडिया लिमिटेडको शेयर मूल्य सात दशमलव ३७ प्रतिशतले बढेको छ ।रासस

# होटल बराही काठमाडौँलाई ‘टफ्ट टाइगर’द्वारा इको फुटप्रिन्ट प्रमाणपत्र

काठमाण्डु । ट्राभल अपरेटर्स फर टाइगर (टफ्ट टाइगर)ले होटल बाराही काठमाडौँलाई ‘इको फुटप्रिन्ट’ प्रमाणपत्र प्रदान गरेको छ ।

पर्यावरणीय सन्तुलन कायम गर्दै दिगो विकासमा असल अभ्यास तथा सामाजिक पक्षलाई प्रभावकारी रुपमा समावेश गरेको उल्लेख गर्दै बाराही काठमाडौँलाई उक्त प्रमाणपत्र उपलब्ध गराइएको आइतबार आयोजित कार्यक्रममा जानकारी दिइयो ।

विभिन्न मापदण्डमा आधारित भई गरिएको मूल्याङ्कपछि होटलले उक्त प्रमाणपत्र प्राप्त गरेको बाराही होटलका महाप्रबन्धक रोशन सापकोटाले बताउनुभयो ।

उहाँका अनुसार टफ्ट टाइगरले सन् २०२४ सेप्टेम्बरदेखि सन् २०२७ अगष्टसम्मका लागि ‘आउटस्ट्यान्डिङ प्राक्टिस अकोमोडेसन प्रोभाइडर’का रुपमा होटललाई उक्त प्रमाणपत्र प्रदान गरेको हो ।

टफ्ट टाइगरले इको फुटप्रिन्ट रेटिङमा चार वटा मापदण्ड समावेश गरेको थियो । रेटिङमा होटलको वातावरणीय प्रभावलाई माध्यम मान्दै यसले आफ्नो सञ्चालनमा वातावरणीय र सामाजिक पक्षलाई प्रभावकारी रूपमा समावेश गरेको, निर्णय प्रक्रिया तथा कार्यक्रम सञ्चालन पनि मापदण्डअनुरुप नै भएको उल्लेख गरेको छ ।

होटलका कर्पोरेट निर्देशक योगेन्द्र विक्रम थापाले बाराही होटल दिगो विकासमा सधैँ चिन्तित रहेको र संस्थापकसहित सम्पूर्ण कर्मचारी तथा सरोकारवालाको मेहनत र साथले यो उपलब्धि हासिल भएको बताउनुभयो ।

कार्यक्रममा सहभागी पर्यटन क्षेत्रका अगुवा सङ्गठनका प्रमुख एवं प्रतिनिधिले बाराही होटलको उदाहरणीय अभ्यासलाई सिङ्गो होटल तथा रेष्टुरेन्ट व्यवसाय र समग्र पर्यटन क्षेत्रलाई सकारात्मक ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरे । ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले होटलहरुले मूल्यको प्रतिस्पर्धाबाट बाहिर निस्किएर गुणस्तरमा केन्द्रित हुँदै पर्यटक भित्र्याउन बाराहीले जस्तै प्रयास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपाल ट्राभल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) महासचिव युविका भण्डारीले दिगो विकासलाई प्राथमिकतामा राख्दै होटल निर्माण र सञ्चालन सामान्य विषय नभएको उल्लेख गर्दै यसप्रकारको अभ्यास सामान्य जीवनयापनमा लागू गर्न सबै जना सचेत हुनुपर्नेमा जोड दिइन् ।

होटल सङ्घ नेपालका प्रमुख कार्यकारी अधिकृत टेकबहादुर महतले होटल बाराही काठमाडौँले दिगो विकासमा दिएको योगदानमा खुसी व्यक्त गर्दै सरकारले पनि यस्ता प्रमाणीकरणका लागि मापदण्ड बनाउन पर्यटन विभागमा पहल गर्ने बताउनुभयो ।


स्कल नेपालका अध्यक्ष महेन्द्र पौडेलले बाराही होटलको यो प्रयासलाई पर्यटकले लामो समयसम्म सम्झिरहने विश्वास व्यक्त गर्नुभयो । टफ्ट टाइगरको चार मापदण्डमा सामाजिक, वातावरणीय र आर्थिक पक्षअन्तर्गत वातावरणीय सचेतता, निर्माण र आन्तरिक डिजाइन, स्थानीय कार्यक्रममा सहभागिता, वातावरणसम्बन्धी कानूनको पालना र तालिमलगायतमा होटलले गरेको गतिविधिलाई आधार मानेको थियो ।

पानीको संरक्षण, सदुपयोग, फोहर व्यवस्थापन, ऊर्जा बचत र सुरक्षा मापदण्डका साथै आर्थिक अभ्यासअन्तर्गत होटलमा कार्यरत कर्मचारीको पारिश्रमिक र प्रोत्साहन, स्थानीय सीप र खानाको प्रवर्द्धन रहेको छ । साथै सामाजिक-सांस्कृतिक प्रभावअन्तर्गत होटलले संस्थागत सामाजिक उत्तरदायित्व र स्थानीय शिल्प कौशल र सीपको प्रवर्द्धन गरेको सहयोगलाई आधार बनाइएको थियो ।

मूल्याङ्कनका क्रममा फोहर र प्रदूषण कम गर्न प्लास्टिकरहित बोतलको प्रयोग, जैविक रूपमा नष्ट हुने सामग्रीको प्रयोग, फोहर वर्गीकरण प्रणाली, पर्यावरणीय कानुनको पालना, पर्यावरणमैत्री सामग्रीको प्रयोग, हरित क्षेत्रको प्रवर्द्धन, अपाङ्गता भएका व्यक्तिहरुको सहजता र होटलले स्थानीय कृषि उत्पादनको खपतलाई आधार बनाइएको थियो ।

सामाजिक उत्तरदायित्वअन्तर्गत अनाथालयमा रहेका बालबालिकालाई शैक्षिक सामग्री प्रदान, मन्दिरसरसफाइ शैक्षिक सामग्रीलगायतको सहयोगलाई पनि उक्त मूल्याङ्कनमा समावेश गरिएको संस्थाले विप्तिमार्फत जनाएको छ ।

बाराही हस्पिटालिटीअन्तर्गत रहेको होटल बाराही काठमाडौँ सन् २०२३ जुलाइदेखि सञ्चालनमा आएको हो । बाराही काठमाडौँ होटलले हालै ‘साउथ एसियन ट्राभल अवार्ड (साटा) २०२४’ बाट नयाँ होटलका रुपमा दक्षिण एशियामा सर्वोत्कृष्ट प्राप्त गरेको छ । साथै नेपाल सरकारको खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागबाट खाद्य सुरक्षाको मापदण्डअनुसार ‘ए’ श्रेणी प्राप्त गरेको छ ।रासस





**ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले होटलहरुले मूल्यको प्रतिस्पर्धाबाट बाहिर निस्किएर गुणस्तरमा केन्द्रित हुँदै पर्यटक भित्र्याउन बाराहीले जस्तै प्रयास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपाल ट्राभल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (ना ा) महासचिव युविका भण्डारीले दिगो विकासलाई प्राथमिकतामा राख्दै होटल निर्माण र सञ्चालन सामान्य विषय नभएको उल्लेख गर्दै यसप्रकारको अभ्यास सामान्य जीवनयापनमा लागू गर्न सबै जना सचेत हुनुपर्नेमा जोड दिइन् ।**

# ‘कृषि विधेयकले किसानको समस्या सम्बोधन गर्नेछ’

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले हाल छलफलमा रहेको कृषि विधेयकले कृषि र आमकिसानको समस्या सम्बोधन गर्ने बताउनुभएको छ ।

किसान आयोगको आठौँ स्थापना दिवसका अवसरमा आइतबार कीर्तिपुरमा आयोजित कार्यक्रममा उहाँले निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउने गरी कानुन निर्माणमा मन्त्रालय लागेको जानकारी गराउनुभयो । “अहिले पनि धेरै परिवार कृषिमा लागेका छन् तर ठूलो मात्रामा कृषि उपजको आयात गर्नु परिरहेको छ । त्यसैले अब कृषिलाई व्यावसायिक बनाउन आवश्यक छ । यसमा सुधारका मन्त्रालयले काम गरिरहेको छ”, मन्त्री अधिकारीले भन्नुभयो ।

उहाँले हरेक नागरिकले आफ्नै उत्पादन प्रयोग गर्ने सङ्कल्प गर्नुपर्ने र यसका लागि तीनै तहका सरकारको सामूहिक प्रयास हुनुपर्नेमा जोड दिनुभयो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सरकारको प्रतिशोधपूर्ण कार्य

कुनै पनि कार्यलाई उपहास, विरोध र स्वीकृतिको अवस्था सामना गर्नुपर्छ। नेत्रहीनका लागि जसरी आइनाले कुनै महत्व राख्दैन त्यस्तै बुद्धिहीनका लागि विद्या बेकार हुने गरेको छ । मधेश प्रदेशमा उपहास , विरोध , स्वीकृति , नेत्रहीनता , बुद्धिहीनता शब्दका प्रयोग दिनहुँ हुने गरिन्छ । मुख्य रुपले नेतृत्वकर्ताका सन्दर्भमा यी शब्दको प्रयोग दिनचर्या नै बनेको छ । शासकहरुको दासत्व , निरंकुशता विरुद्धको मधेश आन्दोलनको १८ वर्षको अध्यायमा पनि यी शब्द , अवस्थाबाट मधेश , मधेशीले उन्मुक्ति पाउन सकेको छैन। संघीयताको अभ्यास भइरहँदा यी शब्द , अवस्था विद्यमान हुनु चिन्तनीय पक्ष हो । खासगरी प्रदेश सरकारबाट पनि केन्द्रीय सरकारको विभेद , अन्याय , अराजक , स्वेच्छापूर्ण , दलीय भागबण्डाको परिधिबाट उम्किन नसकेको स्थितिबाट फरक हुनु पर्नेमा त्यसकै सेरोफेरोमा केन्द्रित छ। गणितीय आधारमा सत्ता साझेदारीमा सत्ताको नेतृत्व पाउने र नेतृत्व पाउनेले प्रतिशोधपूर्ण क्रियाकलापमा तल्लीन रहने प्रवृत्ति निरंकुश , तानाशाही , विवेकहीनतालाई मात्र स्मरण र अनुभूति गराउने गर्छ। मधेश प्रदेशमा वैज्ञानिक भनिएका डा. सीके राउत अध्यक्ष रहेको जनमत पार्टीको नेतृत्वका मुख्यमन्त्री रहेका छन् । वैज्ञानिकहरु नवीनताका स्रोत हुन्छन , आविष्कारक हुन्छन , चिन्तनशील हुन्छन , कल्पनाशील हुन्छन , भविष्यको खाका कोर्ने हुन्छन अतः उनीहरुलाई बुद्धिमानको संज्ञा पनि दिइन्छ। मधेश प्रदेशमा वैज्ञानिक अध्यक्ष भएका नेतृत्वकर्ताले शिक्षालयलाई राजनैतिक प्रतिशोधमूलक शोध केन्द्र बनाएका छन्। वैज्ञानिक डा. राउतबाट विश्वविद्यालय भवनको शिलान्यास नराउदा राउतको विद्यालाई बेकार साबित गराउने उपहास , बुद्धिहीन दृष्टि देखिएको छ। राउत नेतृत्वको मुख्यमन्त्रीले कृषि विश्व विद्यालय , मधेश विश्व विद्यालयको बजेट कटौती गरे , मधेश प्रज्ञाा प्रतिष्ठान र लोकपाल जस्ता निकायलाई टुहुरो बनाउने जस्ता व्यवहार गरेका अवस्था आफैमा निन्दनीय र संवेदनशील थियो , हाल आएर कृषि विश्वविद्यालयका पदाधिकारिको अधिकार नै खोसेर विश्वविद्यालयको अस्तित्वसँग खेलबाड गर्ने डा. राउत अध्यक्ष दलका नेतृत्वयको मुख्यमन्त्रीका लागि आत्मरति र विश्वविद्यालयका पदाधिकारी , शिक्षार्थीका लागि अन्ध्यारो अवस्था हो। सरकारले उपहासजनक , बुद्धिहीन , प्रतिशोधपूर्ण कार्य गरेका कारण स्वयम् नै उपहासको पात्र बन्न पुगेका छने। समय देखिदैन तर धेरै तथ्य मनन योग्य हुन्छ। वेदनालाई बुझ्न संवेदना हुनु पर्छ। हरेक परिस्थितिमा आशा , सम्भावनाबाट टाढा हुनु हुँदैन , युग युगान्तरदेखि यही नै विधान हो , जहाँ समस्या हुन्छ , त्यही निदान पनि हुन्छ। प्रदेश सरकारले शिक्षालय , प्राज्ञिक क्षेत्रमा प्रतिशोधपूर्ण कार्य बन्द गर्नु आवश्यक छ।

# भ्रष्टाचारी शासन अन्त्य र देशभक्त पहिचानसहित पूर्ण समानुपातिक प्रणाली स्थापना



गोपाल किराती

सत्तासीन दलहरूले संविधान संशोधनको चर्चा गरेको सुनिन्छ । संविधान संशोधन अपरिहार्य छ, तर अग्रगामी संशोधनको । खेदका साथ भन्नुपर्छ, प्रथम संविधानसभामा अधिकतम प्रगतिशील संविधान निर्माणको परिस्थिति भाँड्ने वाम विसर्जनवादी हर्कत मोहन वैद्य-बादल प्रवृत्तिले गऱ्यो । परिणाम, पहिचानसहित दलित तथा महिला अधिकारको संविधान दुरुह बन्न पुग्यो ।

दोस्रो संविधानसभामा हदैसम्म कमजोर क्रान्तिकारी शक्तिले तत्कालको राजनीतिक शक्ति सन्तुलनमा औपचारिक गणतन्त्रको संविधान स्वीकार गर्नुपऱ्यो । जुन न्यूनतम प्रगतिशील संविधान थियो । जसको विश्लेषण गर्दै भनिएको थियो, उपलब्धि र कमजोरीसहितको संविधान हो यो । अतः उपलब्धिको रक्षा र कमजोरी सच्याउने संघर्ष जारी राख्नुपर्छ ।

परन्तु, २०७४ मा आइपुग्दा पहिचान मुद्दा त्यागेर प्रचण्डवादीहरू नाम फेरिएको एमालेतिर विलयमा हामफाले । त्यो दक्षिणपन्थी विसर्जन थियो । वाम विसर्जनबाट सुरु भएको माओवादी आन्दोलनको विघटन मुख्यतः दक्षिणपन्थी विसर्जनमा टुंगियो ।

उपरोक्त पृष्ठभूमिमा देशभक्त समाजवादी कोणबाट संविधानको अग्रगामी संशोधनद्वारा २००७ देखि जारी पुँजीवादी क्रान्तिलाई पूर्णता दिने अठोटमा तेस्रो जनआन्दोलनको ऐतिहासिक कार्यभार उठान गरिएको छ । जस सम्बन्धमा केही विश्लेषण प्रस्ताव र २०८१ माघ २ गते नेपाल सरकारको प्रधानमन्त्री कार्यालय समक्ष देशभक्त श्रमिक मोर्चाद्वारा प्रस्तुत ज्ञापनपत्र समावेश गरी यो आलेख तयार गरिएको छ ।

### पृथ्वीनारायण शाहको मूल्याङ्कन

आधुनिक नेपालको राजनीतिमा पृथ्वीनारायण शाह एक केन्द्रीय पात्र रहिआएका छन् । वैज्ञानिक कोणबाट मूल्याङ्कन गर्दा उनको भूगोल केन्द्रीकरणको दृढ समर्थन गर्दै तर आन्तरिक राज्यप्रणाली भने अन्यायपूर्ण रहेको हुँदा त्यसको वस्तुसंगत पुनः संरचनाको जिम्मा आजको पुस्ताले लिनुपर्छ ।

ऐतिहासिक भौतिकवादले भन्छ : सामन्तवाद तसर्थ प्रगतिशील थियो, जसले छरिएको जमिन केन्द्रीकृत गर्थ्यो । यसर्थ आन्तरिक युद्धमा जनताको कत्लेआम गरेकै भए पनि नेपालमा सामन्ती राज्य केन्द्रीकरणको श्रेय पृथ्वीनारायण शाहलाई नै जान्छ। आन्तरिक राष्ट्रहरूमाथि दमनका घटना सामान्य छैनन् ।

इतिहास मात्र समातेर पनि अर्थराजनीतिक व्यवहार चल्दैन । वैज्ञानिक युगका क्रान्तिकारीले त्यसैले भविष्यमुखी बन्नैपर्ने हुन्छ । तब हामीलाई लाग्ने गर्छ, पृथ्वीनारायण शाहले गरेको त्यो केन्द्रीकृत सामन्ती राज्य निर्माणको काम जनजाति आदिवासीका पुर्खाले किन गरेनन् ? दलित र मधेसीका पुर्खाले किन गरेनन् ?

गोरखनाथ सम्प्रदायका धर्माधिकारीद्वारा दीक्षित पृथ्वीनारायण शाहको नेतृत्वमा जुन समय नेवा-ताम्सालिङदेखि पूर्वतर्फ किरात गणराज्य हुँदै लिम्बुवानसम्मको विजय यात्रा चलिरहेको थियो, त्यो सन् १७७४ को दशक थियो । ठिक त्यो समय युरोपका युरोपेलीहरू सामन्तवादको अन्त्य र औद्योगिक पुँजीवादी युग निर्माणमा दौडिरहेका थिए ।

सन् १७७६ मा अमेरिकी स्वाधीनता संग्राम भनेको युरोपदेखि अमेरिका हत्याउन पुगेकाहरूको राष्ट्रिय पुँजीवादी क्रान्ति थियो । त्यही समय सन् १७८९ मा बेलायती औद्योगिक क्रान्ति र सन् १७९१ मा फ्रान्सेली राज्यक्रान्ति भनेका जोडदार पुँजीवादी क्रान्तिहरू थिए। कालान्तर प्रस्ट छ, जुन समय पश्चिममा पुँजीवादी क्रान्तिको उत्कर्ष थियो, नेपालमा बल्ल केन्द्रीकृत सामन्ती राज्य निर्माणको उत्कर्ष चल्दैथ्यो ।

भूगोल केन्द्रीकरणमा समर्थन र आन्तरिक राज्यप्रणालीमा वैज्ञानिक पुनःसंरचना एक मात्र समाधान हो । हामीलाई लाग्दछ, यसरी मात्र देश जिम्मा लिने कार्यभारतर्फ श्रमिकवर्ग र पहिचानवादीको यात्रा सुनिश्चित गर्न सकिन्छ।

आन्तरिक मामिलामा गोर्खाली सेनाका चरम ज्यादती अवश्य थिए, तापनि बाह्य मामिलातर्फ हामीहरू सिन्धुलीको लडाइँमा गोर्खाली सेनाको वीरताको प्रशंसक रहिआएका छौँ । हाल सिन्धुली माडीको ढुंग्रीबासस्थित अग्रमोर्चा सम्हालेका बङ्शु गुरुङको कमान्डमा लडेका गोर्खाली सेनाले क्याप्टन किन्लकको एक हजार ६ सयजना अंग्रेज सेनालाई जसरी धुलोपिठो तुल्याए, सिन्धुली दिग्विजय नै पृथ्वीनारायण शाहको सफलताको मुख्य आधार देखिन्छ ।

त्यो लडाइँ पृथ्वीनारायण शाहको योजना र निर्देशनमा भएको थियो । भन्नैपर्छ, त्यही लडाइँले टिष्टा-काँगडा हुँदै मेची-महाकालीमा आइपुगेको आधुनिक नेपालको मानचित्र निश्चित गऱ्यो । इतिहासका घटना नियतिपूर्ण हुन्छन् । जस्तोसुकै नियति किन नहोस्, वर्तमान नेपालको मानचित्रमा हामीहरू जन्मेर बढेका छौँ, नेपाली हुनुमा गौरव गरिरहेका छौँ । यद्यपि, आन्तरिक राज्यसंरचना न्यायपूर्ण छैनन् । जसको पुनः संरचनाका निमित्त संविधानको अग्रगामी संशोधन आन्दोलनमा जुट्नुपर्छ ।

अन्तरिक राज्यप्रणालीमा अन्यायको अर्थ चार जातको राज्य व्यवस्था पृथ्वीनारायण शाहद्वारा घोषित राजनीतिक कार्यदिशा थियो । जसअन्तर्गत अथवा चार जातअन्तर्गत जनजाति आदिवासी पर्दैनथे । किनभने, आदिवासीहरू ब्राह्मण थिएनन्, क्षेत्री थिएनन् तथा वैश्य र शूद्र पनि थिएनन् । त्यसैलाई अथवा चारजाते व्यवस्थालाई टेकेर राणा जंगबहादुरले एक शताब्दी बढी चरम जातवादी शासन थोपरे ।

> दुर्बल गणतन्त्रको अवस्था हेर्दा पुरानो विचारबाट अब देश र जनताको अग्रगामी यात्रा किमार्थ सम्भव देखिँदैन । त्यसैले गणतन्त्रको वास्तविक कार्यान्वयनद्वारा यसको सबलीकरणका निमित्त देशभक्त समाजवादी तथा सच्चा लोकतन्त्रवादी प्रत्येकले तेस्रो जनआन्दोलन अपरिहार्य बनेको वस्तुस्थिति स्वीकार गरेको हुनैपर्छ । मुख्यतः नेपाल पढ्ने सिद्धान्तले भन्छ, समाजवादी लोकतन्त्रको नवीन कार्यदिशाले मात्र देशको सार्वभौम स्वतन्त्रता र जनताद्वारा व्यक्त भ्रष्टाचारी शासन अन्त्य र देशभक्त पहिचानसहित पूर्ण समानुपातिक प्रणाली स्थापना सम्भव छ ।

आफ्ना परम्परागत राज्य खोसिएका समुदाय हत्तपत्त उठ्नै नसक्ने गरी दबाइए । मगर-गुरुङ पृथ्वीनारायण शाहको साथमा देखिन्थे। यद्यपि राजनीतिक क्षेत्रमा नभएर विशुद्ध सेनामा । त्यसैले राणाशासनमा आउँदा मगर-गुरुङ पनि तामाङ, राई, लिम्बु र थारुकै हालतमा परिणत गरिए। फेरि पनि भन्नुपर्छ, गणतन्त्र नेपालको अपरिहार्य कार्यभार राज्यको वास्तविक स्वरूपमा वैज्ञानिक पुनः संरचना मात्र हो।

परन्तु, सबथोक उनै हुन् भन्ने र उनलाई हत्यारा मात्र देख्ने दुई अतिवादी दृष्टिकोणले पृथ्वीनारायण शाहको योगदानबारे किञ्चित वैज्ञानिकता प्रकट गर्दैन । पृथ्वीनारायण शाहको वैज्ञानिक मूल्याङ्कन नगर्ने हो भने हाङ यलम्बर, मानदेव हुँदै दङ्गीशरण थारु, बलिहाङ मगर, शंखधर शाख्वा, अरमुडी गुरुङ, शोभान शाही, लोहाङ सेनसँगै रिन्जेनदोर्जी तामाङको पनि सही मूल्याङ्कन हुन सक्दैन।

त्यसैले हामीले भन्दै आएका छौँ, भूगोल केन्द्रीकरणमा समर्थन र आन्तरिक राज्यप्रणालीमा वैज्ञानिक पुनः संरचना एक मात्र समाधान हो। हामीलाई लाग्छ, यसरी मात्र देश जिम्मा लिने कार्यभारतर्फ श्रमिक वर्ग र पहिचानवादीको यात्रा सुनिश्चित गर्न सकिन्छ । जसबाट समाजवादी लोकतन्त्रको कार्यदिशामा नयाँ राष्ट्रिय एकीकरण कार्य सम्पन्न गर्न सकियोस् ।

अन्ततः सुगौली सन्धिको विरोधमा उभिएका भीमसेन थापा, दिल्ली सम्झौताको विरोधमा उभिएका जननायक रामप्रसाद राई र भीमदत्त पन्त नेपाली इतिहासमा देशभक्तिपूर्ण बलिदानका अमर प्रतिभा हुन् । जसले पृथ्वीनारायण शाहको अभियानद्वारा निर्मित भूगोलकै देशभक्तिभाव अभिव्यक्त गरेका थिए।

### तेस्रो जनआन्दोलनको कार्यभार

राणाशासन अन्त्य ००७ देखि ०४६ सम्मको नेपाली राजनीतिक घटनाक्रमलाई प्रथम जनआन्दोलन भनिन्छ। जसले बहुदलीय प्रजातन्त्र स्थापना र पुनर्स्थापना गऱ्यो । १० वर्षे जनयुद्धको जगमा २०६२/६३ को राजनीतिक आन्दोलनलाई दोस्रो जनआन्दोलन भनिएको छ । जसले औपचारिक गणतन्त्र स्थापना गऱ्यो । परन्तु नेपाली जनताका छोराछोरीले रगत, आँसु र पसिनाको धारा बगाएर ल्याइएको गणतन्त्रमाथि खुलेआम दलाल पुँजीपतिले अधिकार जमाउन पुगेका छन् ।

तसर्थ समाजका पाँच जनसमूह (वर्ग, लिङ्ग, जातजाति, क्षेत्र एवं देशभक्त) संकटमा धकेलिएका छन् । यसर्थ विगत जनआन्दोलनका प्रगतिशील उपलब्धि रक्षामा दृढतासहित संविधानको अग्रगामी संशोधनका लागि तेस्रो जनआन्दोलन उठान गर्नुपरेको छ । जसले भ्रष्टाचारी शासन अन्त्य गरी बाह्य र आन्तरिक देशभक्त पहिचानसहित पूर्ण समानुपातिक समाजवादी प्रणाली स्थापनाद्वारा गणतन्त्रलाई पाँच उत्पीडित जनसमूहको गणतन्त्रमा बदल्न सकियोस् ।

दलित, मधेसी-मुस्लिम, जनजाति आदिवासी र खस-आर्यको सामुदायिक चक्रप्रणालीमा देशको कार्यकारी प्रमुख चुन्ने व्यवस्था गर्न समाजवादी संसदीय शासनप्रणाली नै उपयुक्त हुने प्रष्ट छ ।

उपरोक्त लक्ष्यमा उद्यत् देशभक्त श्रमिक मोर्चाले नेपाल सरकारको प्रधानमन्त्री कार्यालय र संघीय संसद सचिवालय समक्ष आफ्ना प्रारम्भिक माग-मुद्दा दर्ज गरिएको छ । मोर्चाका उपाध्यक्ष मोलम लामा नेतृत्वको टोलीद्वारा प्रस्तुत ज्ञापनपत्रको मूल अन्तर्वस्तु निम्न छन् :

नेपाली कांग्रेसको समर्थनमा नेकपा (एमाले) नेतृत्वको सरकारले संविधान संशोधनका प्रसंगहरू उठाइरहेको पृष्ठभूमिमा डा. महेन्द्र लावती संयोजकत्वको पहिचानवादी मोर्चा समर्थित देशभक्त श्रमिक मोर्चा, संघीय सचिवालय नेपाल सरकारसमक्ष निम्न माग-मुद्दा ज्ञापन गर्छ ।

### संविधानको अग्रगामी संशोधनसंग सम्बन्धित माग-मुद्दा

(क) नेपालको संविधान, २०७२ को प्रस्तावनामा व्यक्त वर्गीय, लैंगिक, जातजातीय विभेद अन्त्य र धारा ४ को समाजवाद उन्मुख राज्य हासिल गर्न विध्यमान दलाल पुँजीवादी भ्रष्ट निर्वाचन प्रणाली खारेजगरी (मुख्यतः नेपाल पढ्ने सिद्धान्तमा तीन आयामको) पूर्ण समानुपातिक समाजवादी निर्वाचन प्रणाली स्थापना गरियोस् । जसद्वारा तीन वर्गीय (मजदुर-सुकुमवासी, किसान, पुँजीपति), दुई लैंगिक (महिला-पुरुष) एवं सर्व-जातजातीय जनसंख्याको पूर्ण समानुपातमा राजनीतिक प्रतिनिधित्व सुनिश्चित गरिने छ।

(ख) संविधानको प्रस्तावना र धारा ३ मा व्यक्त बहुजातीय-बहुसांस्कृतिक नेपालको वास्तविक प्रकृतिमा प्रदेशहरूको पुनःनामाङ्कन अथवा वास्तविक संघीयता कार्यान्वयन गरी नयाँ राष्ट्रिय एकीकरण कार्यभार उठान गरियोस् ।

(ग) दलित, मधेसी-मुस्लिम, जनजाति आदिवासी र खस-आर्यको सामुदायिक चक्रप्रणालीमा देशको कार्यकारी प्रमुख (प्रधानमन्त्री) चुन्ने व्यवस्था गरियोस् । जसका निमित्त समाजवादी संसदीय शासनप्रणाली नै उपयुक्त हुने प्रष्ट छ।

(घ) स्थानीय तह प्रमुखमा लैंगिक चक्रप्रणाली स्थापित गरियोस् । जसअन्तर्गत पाँच वर्ष महिला र अर्को पाँच पुरुष प्रमुख हुनेछन् ।

(ङ) संविधानमा व्यक्त मौलिक हकको अक्षरसः प्रयोग गरी शिक्षा, स्वास्थ्य, रोजगारीमा राज्यको दायित्व तुरुन्त बहाल गरियोस् । सार्वजनिक क्षेत्र प्राथमिक विद्यालयदेखि विश्वविद्यालयसम्मका शैक्षिक संस्थानहरूलाई सार्वजनिक-सामुदायिक साझेदारीको व्यवस्थापनमा हठात् बदलियोस् ।

### राज्यसंग सम्बन्धित माग-मुद्दा

(क) वित्तीय शोषणविरुद्ध किसान-मजदुर आन्दोलन तथा मुकुम्लुङ, ढोरपाटन, दुम्कीबास, ग्रामथान, बोजेनी लगायत आदिवासी आन्दोलन, जात व्यवस्था उन्मूलनको दलित आन्दोलन, महिलाहिंसा विरोध, खस राष्ट्र पहिचान, स्वाधीन मधेश जनअभियान र पूर्वमा जारी प्रदेश पुनःनामाङ्कन आन्दोलनको समवेदनशील मागलाई शीघ्र सुनुवाइ गरियोस् ।

(ख) देशको राष्ट्रिय स्वाधीनता र सामुदायिक जनजीवनमा गम्भीर आँच पुऱ्याउने एमसीसी-एसपीपी सम्झौता खारेज गरी सुगौली सन्धिदेखि थोपरिएको पश्चिमा साम्राजवादी चङ्गुलबाट गणतन्त्र नेपाललाई मुक्त पारियोस् ।

(ग) नयाँ औद्योगिक नीति निर्धारण गरी प्रत्येक स्थानीय तहमा न्यूनतम एक राष्ट्रिय उद्योग स्थापनाको व्यवस्था गरियोस् ।

दुर्बल गणतन्त्रको अवस्था हेर्दा पुरानो विचारबाट अब देश र जनताको अग्रगामी यात्रा किमार्थ सम्भव देखिँदैन । त्यसैले गणतन्त्रको वास्तविक कार्यान्वयनद्वारा यसको सबलीकरणका निमित्त देशभक्त समाजवादी तथा सच्चा लोकतन्त्रवादी प्रत्येकले तेस्रो जनआन्दोलन अपरिहार्य बनेको वस्तुस्थिति स्वीकार गरेको हुनैपर्छ ।

(घ) स्वदेशमा रोजगारी सृष्टि गरी आत्मनिर्भर नेपाली अभियानलाई सार्थक तुल्याउन राज्यको ७० प्रतिशत वार्षिक बजेट स्थानीय तहमा हस्तान्तरण गरियोस् ।

(ङ) तीनवटै तहको सरकारी बजेट निर्माण गर्दा आदिवासी जनजाति महासंघ अन्तर्गत सामुदायिक संस्थाहरूको अनिवार्य प्रतिनिधित्व सहित दलित, मुस्लिम, मधेसी, खस, ब्राह्मणको संस्थागत प्रतिनिधित्व गराइयोस् ।

(च) निर्वाचन ऐनमा अनावश्यक थ्रेसहोल्ड थोपर्ने जस्ता अलोकतान्त्रिक हर्कत बन्द गरियोस् ।

(छ) दुई छिमेकी प्राथमिकताको अन्तरनिर्भर राष्ट्रिय अर्थतन्त्रमा जोड तथा दुई छिमेकी बाहेकको सम्पूर्ण वैदेशिक ऋण खारेज गरियोस् ।

उपरोक्त संविधान संशोधनले शासनमा समाजवादी लोकतान्त्रिक समता र राजनीतिक क्षेत्रको भ्रष्टाचार अन्त्य तथा सरकारसँग सम्बन्धित माग सम्बोधनले उत्पीडित जनसमूहलाई व्यापक राहत दिलाउने निश्चित छ। अन्यथा उपरोक्त माग-मुद्दा स्थापित गर्न पाँच जनसमूह (वर्ग, लिङ्ग, जातजाति, क्षेत्र एवं देशभक्तहरू) ले तेस्रो जनआन्दोलनको झन्डा उठाउन बाध्य हुनैपर्ने चेतावनी समेत यसैसाथ गरिन्छ।

उपरोक्त माग-मुद्दा मूलतः प्रदेश १ पुनःनामाङ्कन संघर्ष समितिले उठाएका माग-मुद्दा हुन्। जसले २०८१ मंसिर २ गते विराटनगरको जनप्रदर्शनसभामा नयाँ मुद्दाहरू उद्घोष गरिएको थियो। पुस २०८० धरानमा सम्पन्न प्रदेश १ पुनः नामाङ्कन संघर्ष समितिको बैठकले प्रदेश नाम कोशी खारेज समेतका लागि देशव्यापी आन्दोलनको आवश्यकता बोध गर्दै त्यसका निमित्त तेस्रो जनआन्दोलन पहलको निर्णय लिइयो।

तदनुरूप ललितपुरस्थित २०८० माघ २० गते आयोजित मार्गदर्शन भेलाबाट 'पहिचानसहित समाजवादका लागि तेस्रो जनआन्दोलन तयारी समिति' गठन गरियो । उक्त तयारी समितिका संयोजकको हैसियतमा तेस्रो जनआन्दोलनको वैचारिक-राजनीतिक नेतृत्व एवं पहिचानवादी मोर्चाको तर्फबाट आन्दोलन व्यवस्थापन जिम्मेवारीको हैसियतमा अग्रसर देशभक्त श्रमिक मोर्चाले उपरोक्त ज्ञापन गरिएको प्रस्ट छ।

अन्त्यमा देशभक्त श्रमिक मोर्चा पुष्पलाल श्रेष्ठको राजनीतिक संश्लेषण राष्ट्रियता, जनतन्त्र र जनजीविका एवं बीपी कोइरालाको संश्लेषण राष्ट्रियता, प्रजातन्त्र र समाजवादका बिच एकीकरणद्वारा नयाँ राजनीतिक संश्लेषण जमर्कोमा छ। जसको स्वरूप हो, देशभक्तिपूर्ण बहुसांस्कृतिक समाजवादी लोकतन्त्र। पुष्पलाल र वीपीका विचारले नेपाली राजनीतिलाई गणतन्त्रसम्म डोऱ्यायो ।

परन्तु दुर्बल गणतन्त्रको अवस्था हेर्दा पुरानो विचारबाट अब देश र जनताको अग्रगामी यात्रा किमार्थ सम्भव देखिँदैन । त्यसैले गणतन्त्रको वास्तविक कार्यान्वयनद्वारा यसको सबलीकरणका निमित्त देशभक्त समाजवादी तथा सच्चा लोकतन्त्रवादी प्रत्येकले तेस्रो जनआन्दोलन अपरिहार्य बनेको वस्तुस्थिति स्वीकार गरेको हुनैपर्छ । मुख्यतः नेपाल पढ्ने सिद्धान्तले भन्छ, समाजवादी लोकतन्त्रको नवीन कार्यदिशाले मात्र देशको सार्वभौम स्वतन्त्रता र जनताद्वारा व्यक्त भ्रष्टाचारी शासन अन्त्य र देशभक्त पहिचानसहित पूर्ण समानुपातिक प्रणाली स्थापना सम्भव छ ।रातोपाटी

# सिसी र चक्की भिटामिनको भ्रम



डा अरुणा उप्रेति

'डाक्टर साहेव, मलाई कमजोरी भइरहेछ, कुनै भिटामिन वा टनिक लेखिदिनुस् न ।' यो वाक्य अस्पताल, हेल्थपोष्ट र क्लिनिकमा काम गर्ने डाक्टर वा स्वास्थ्य कार्यकर्ताले प्रायः सुन्नुपर्छ। हातमा ठूला राम्रा टनिकका सिसी लिएर घरपरिवारका बालबालिका वा बिरामीबाट भर्खर तङ्गिन लागेका व्यक्तिलाई खुवाउने प्रचलन अहिले गाउँ सहर सबै ठाउँमा बढ्दो छ।

पहिले सुत्केरीलाई ज्वानोको झोल खुवाएर दूध पर्याप्त मात्रामा आउँथ्यो । क्याल्सियम पनि हुन्थ्यो। तर अहिले ज्वानोको नाममा नाक खुम्च्याइन्छ तर महँगा क्याल्सियमका चक्की भने मज्जासँग खुवाइन्छ। त्यसैगरी बढी भिटामिन ख्वाउनुपर्छ भनेर मानिसहरु जताततै भिटामिनको खोजीमा छन्। कतिचोटी ग्राहक आफैँ औषधि पसलमा गएर भन्छन्, "मलाई कमजोरी भएको छ कुनै तागतको झोल दिनुस् न।" औषधि पसलेले कुनै 'कुनै रङ्गीन झोल' निकालेर दिन्छ र ग्राहक खुसी हुँदै 'तागतको सिसी' लिएर फर्कन्छन्।

विशेषगरी गाउँघरतिर महिला ढाड दुख्नेदेखि लिएर मुटु पोल्नेसम्म जुनसुकै प्रकारको शारीरिक अस्वस्थतामा पनि भिटामिन प्रयोग गर्छन्। सहरका महिलाले पनि आफैँ 'दुब्लो भएँ, मोटाउने भिटामिन दिनुस् न' भन्दै औषधि पसलबाट किनेर ल्याउँछन्। गाउँमा स्वास्थ्य शिविर सञ्चालन गर्दा कतिचोटी महिला खास कुनै समस्या नभए पनि कमजोरी भयो भनेर आउँछन् र भिटामिनको माग गर्छन्। यदि उनीहरुलाई भिटामिन नदिने हो भने "कस्तो डाक्टर होला। केही रोग छैन भनेर भिटामिन दिएन" भनेर गुनासो गरेको पनि सुनिन्छ। त्यसैगरी बच्चाले भात खाएन भनेर बजारको औषधि खुवाए भात र रोटीले पाउने पोषण पुग्छ भन्ने ठान्छन्।

भिटामिन मानव शरीरको लागि एकदमै नभई नहुने तत्व हो। त्यस शब्दको उत्पत्ति नै ल्याटिनको भाइटल (अत्यन्त आवश्यक) शब्दबाट भएको हो। भिटामिन मानव शरीरलाई अत्यन्त कममात्रामा चाहिन्छ भन्ने त सबैलाई थाहा छ तर यो हामीले दिनदिनै खाने भोजनबाट नै प्राप्त हुन्छ र यसको बढी प्रयोग गरेर ज्यादा फाइदा हुँदैन भन्ने कुराचाहिँ कमैलाई थाहा छ। त्यसैले त उनीहरु त्यसको पूर्ति हेर्दा आकर्षक देखिने तर महँगा र अनावश्यक झोलहरुले हुन सक्दैन भन्ने तथ्यतर्फ कमैको ध्यान गएको पाइन्छ।

गर्भवती र सुत्केरी आमालाई सबै पौष्टिक तत्व एवं भिटामिनहरु बढी चाहिन्छन् भन्ने कुरा पनि प्रायःलाई थाहा हुन्छ, तर ती आवश्यक तत्वहरु प्राकृतिक भोजनमै धेरै हुन्छ भन्ने कुरामा कमैले ध्यान पुऱ्याएको देखिन्छ। आमा पनि चाहे काखको बच्चा होस् चाहे बढ्ने बच्चा सबैलाई भिटामिन झोल र टनिक दिएर सन्तुष्ट हुन्छन्, बच्चालाई पोषण दिइरहेको ठान्छन्। बाबु आमा कमैलाई थाहा छ- भान्छामा भएको भोजन नै बच्चालाई सबैभन्दा उपयुक्त हुन्छ।

आधुनिक चिकित्सा विज्ञानका पिता हिपोक्र्याटस भनेका थिए, "भोजन नै औषधि हो।" विभिन्न विज्ञापनका भरमा औषधि किनेर खाने प्रचलन र घरको खानेकुराले मात्रै हाम्रो शरीर कमजोर हुन्छ भन्ने गलत मानसिकताका कारणले नै मानिसहरु सिसी र चक्की भिटामिन औषधि किनेर खान्छन्। हाम्रा करेसाबारीमा फलेका हरिया तरकारी, बजारमा पाइने मौसमअनुसारका फलफूल आदिलाई बेवास्ता गरेर हामीहरु धेरैजसो स्वास्थ्य राम्रो पार्नका लागि बजारका टनिक किनेर खान्छौं।

भिटामिनको प्रयोग गर्दा चक्कीभन्दा रङ्गीन झोल वा टनिकहरु बढी फाइदाजनक र झोलभन्दा बढी भिटामिन सुई फाइदाजनक हुन्छन् भन्ने गलत धारणाले गर्दा गाउँघरमा प्रत्येक रोगको लागि भिटामिन सुई लिने प्रचलन पनि धेरै मात्रामा छ। अनेक भ्रामक र अज्ञानताको कारणले पछिल्लो समय गाउँघरमा पनि सस्ता पोषक खानेकुराहरु छोडेर महँगो झोल तथा सुईका पछाडि दौडिनेक्रम बढ्दै गएको छ। यस्तो चलन बढ्नुको एउटा कारण रेडियो, पत्रपत्रिका र टिभीजस्ता सञ्चार माध्यमहरुमा हर्लिक्स्, बुष्ट, बोर्नभिटाजस्ता भिटामिनहरुको प्रचारप्रसार अत्यधिक हुनु पनि हो।

भिटामिन 'ए' को कमीले हुने राति अन्धो हुने रोगको लागि 'भिटामिन ए' को क्याप्सुल बाँडिन्छ। तर तपाईंको घरको बारीको फल मेवा वा अम्बा खाउँ है भनेर भनिदैन। जुन ठाउँमा पर्याप्त मात्रामा अमला पाइन्छ त्यो ठाउँमा भिटामिन सी' को चक्की बेचिन्छ महँगोमा। सस्तोमा पाइने अमला भिटामिन सीकोभन्दा धेरै सस्तो भएर पनि बेवास्ता गरिन्छ।

मानिसहरुले आफ्नो धेरै कमाई भ्रममा परेर यस्ता रङ्गीन झोलमा खर्च गरिरहेका छन्। औषधि पसलमा गएर रङ्गीन झोल किन्नुभन्दा अगाडि तपाईं डाक्टरलाई सोध्नुस्, 'के वास्तवमा नै मलाई भिटामिन जरुरी छ ?' भोक लगाउने टनिक आफूले खानुभन्दा अघि वा परिवारका सदस्यहरुलाई दिनुभन्दा अघि सोच्नुस्, 'के यो वास्तवमा तपाईंलाई चाहिन्छ ? के यसका सम्पूर्ण कुप्रभावहरुबारे तपाईंलाई जानकारी दिइएको छ ? कतिपय विकसित देशहरुमा कुप्रभाव पर्छ भनेर भनिएका यस्ता भिटामिनका चक्की वा झोलहरु नेपालमा प्रश्रयका साथ बिक्री वितरण भइरहेको छ। सन्तुलित भोजनबाट नै सबैखाले भिटामिनहरु पाउन सकिन्छ भनेर बुझ्नसक्यो भने भिटामिन झोल र टनिकको कसैलाई पनि जरुरत हुँदैन।

त्यसैगरी धेरै मानिसहरु भोजन भनेर पाचन गराउने रस किनेर खान्छन्। तर घरमै भएका खानेकुरा ज्वानो, हिङजस्ता तत्वहरुको प्रयोग गरे पनि पच्ने प्रक्रिया राम्रो हुन्छ भनेर धेरै थोरैलाई मात्र थाहा हुन्छ होला। युवा पुस्तामा त यस्ता कुराहरुमा कमैले चासो दिएको पाइन्छ। तराईमा घरघरमा पाइने मेवा पाकेर झरिरहेका हुन्छन्। त्यसलाई हेरेर आँखा तर्काएर हिँड्नेहरुलाई थाहा छैन कि मेवा कस्तो औषधि, पाचन रस र भिटामिनले भरिएको खानेकुरा हो भनेर। खाना पचाउने भनेर थरिथरिका सिसीहरु बजारबाट किनेर ल्याउनेहरुलाई थाहा छ कि छैन मेवामा शरीरका भोजन पचाउन चाहिने सबै पाचन रसहरु जस्तै- पापायीन, खिम्मोपापिन आदि हुन्छ।

मेवालाई विभिन्न ठाउँमा विभिन्न तरिकाले प्रयोग गरिन्छ। कतै पाकेको, कतैकतै पाकेको फललाई झोल बनाएर खाइन्छ, कतै काँचो मेवालाई तरकारी वा अचार बनाएर खाइन्छ जसरी खाए पनि यसले शरीरको रोग प्रतिरोधात्मक शक्ति बढाउने मात्रा होइन कि शरीरमा रहेका अन्य समस्या जस्तो कब्जियत हुने, खाना नपच्ने समस्या हुने आदि हटाउन पनि सक्छ। मेवामा भिटामिन 'सी' को मात्रा प्रचुर रहेको हुन्छ।

आधुनिक पाचन रसका बारेमा जानिफकार प्रोफेसर म्यकस वोल्फले क्यानेडियन सिपाहीहरुमा अनुसन्धान गरेका थिए। उनले पर्याप्त मात्रामा पाचन रस भएका फलफूलहरुको खान दिएका सिपाहीहरुको स्वास्थ्यमा मात्र सुधार भएन कि उनीहरुमध्ये जसलाई धेरै रुघाखोकी लागि रहन्थ्यो दुई तिहाईलाई त लामो समयसम्म रुघाखोकी नै लागेन। एक तिहाई सिपाहीलाई रुघाखोकी लागे पनि कडा रुपले लागेन। प्रोफेसर वोल्फले आफ्ना विभिन्न अनुसन्धानबाट यो निष्कर्ष निकाले कि, शरीरमा पर्याप्तमात्रामा पाचन रस हुने हो भने व्यक्तिहरुको शरीरमा किटाणुहरुले आक्रमण गरेर रोग लाग्ने सम्भावना कम हुन्छ। पाचन रस प्राप्त गर्न टाढा जानै पर्दैन। मेवामा रहेका पर्याप्त तत्वहरु नै खानेकुरा पचाउन पर्याप्त छन्।

तरै प्रायः मानिसहरु घरमा फलेको मेवा खान छोडेर, औषधि पसलमा गएर पाचन गर्ने औषधि, विभिन्न भिटामिनका झोल, शक्ति दिने झोल, सुत्केरी महिलालाई दूध बढाउने झोल, बालबालिकालाई भोक लगाउने झोल भनेर अनेकथरीका थरीथरीका बट्टाहरु किनेको पाइन्छ। नेपाली उखान 'नजिकको तीर्थ हेला' भने झैँ आफूसँग भएको वस्तुको बेवास्ता गरेर त्यसको सट्टामा महँगा झोलहरु किन्नेक्रम बढिरहेको छ। यसले आर्थिक रुपमा मात्र नभई स्वास्थ्यका हिसाबले पनि फाइदा पुगेको छैन।

(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुनुहुन्छ)

# स्वास्थ्य बिमा सुधारको कार्ययोजना प्रस्तुत गर्न प्रधानमन्त्रीको निर्देशन



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले स्वास्थ्य बिमा सुधार सुझाव कार्यदलको प्रतिवेदनका आधारमा यथाशीघ्र सुधारको कार्ययोजना बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिनुभएको छ ।


सो कार्यदलको प्रतिवेदन र सुझावबारे आइतबार प्रधानमन्त्री निवासमा ब्रिफिङ लिएपछि प्रधानमन्त्री ओलीले निरोगी नेपाल बनाउने लक्ष्यसहित नागरिकलाई सुशिक्षित गराउनुपर्ने र बिरामी भइहालेमा खर्च नभएर उपचार गर्न नपाउने अवस्था हुन नहुने बताउनुभयो । उहाँले कार्यदलबाट स्वास्थ्य बिमा कार्यक्रमको वस्तुनिष्ठ समीक्षासहित सुझाव दिइएकाले यथास्थितिमा परिवर्तन गरी व्यावहारिक हुनेगरी कार्यक्रमलाई एक साताभित्र कार्ययोजना ल्याउन मन्त्रालयलाई भन्नुभएको हो ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, कार्यदलका संयोजक डा शम्भु आचार्य, सदस्यहरु डा भगवान् कोइराला, डा रघुराम काफ्ले र सदस्यसचिव डा सरोज शर्माले प्रधानमन्त्री ओलीलाई स्वास्थ्य बिमा कार्यक्रमको नीतिगत, कानुनी र संरचनागत परिवर्तन गर्नुपर्ने देखिएको ब्रिफिङ गर्नुभएको थियो । हाल यस कार्यक्रमअन्तर्गत करिब रु ११ अर्ब भुक्तानी गर्न बाँकी छ । कार्यक्रममा कूल जनसङ्ख्याको २७ प्रतिशत नागरिक आबद्ध भएको र आबद्ध भएकामध्ये ४८ प्रतिशतले सेवा लिएको स्थितिमा सबै नागरिकलाई कार्यक्रममा अनिवार्य सहभागी गराउने र निरपेक्ष गरिबीको रेखामुनि रहेका सबै नागरिकको स्वास्थ्य सेवा निःशुःल्क गर्नुपर्ने ढाँचामा जान कार्यदलले सुझाव दिएको छ ।

कार्यदलले आधारभूत स्वास्थ्यसेवा र अन्य सामाजिक सुरक्षाका कोषका कार्यक्रमसँग पनि यस कार्यक्रमलाई एकीकरण गर्न सुझाएको छ । सो कार्यदलले गत पुस १४ गते मन्त्रालयलाई प्रतिवेदन बुझाएको थियो ।रासस

# मुलुकको अर्थतन्त्र विगतको भन्दा सुधारोन्मुख हुँदै गएको छ : अर्थमन्त्री पौडेल

काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्र विगतको भन्दा सुधारोन्मुख हुँदै गएको र सुधारका प्रयासले नतिजा दिन थालेको बताउनुभएको छ ।





"हामीले आर्थिक सूचकहरुमा तलमाथि गरेका छैनौँ । सूचक हरियो छ भने हरियो र रातो छ भने रातो नै प्रस्तुत भएको छ । तथ्यले हाम्रो अर्थतन्त्र सुधार हुँदै गएको देखाउँछ"

अर्थ मन्त्रालयले आइतबार आयोजना गरेको पत्रकार भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा अर्थमन्त्री पौडेलले अर्थतन्त्र सुधार हुँदै गएको सूचकहरुले नै देखाएको बताउनुभयो । "हामीले आर्थिक सूचकहरुमा तलमाथि गरेका छैनौँ । सूचक हरियो छ भने हरियो र रातो छ भने रातो नै प्रस्तुत भएको छ । तथ्यले हाम्रो अर्थतन्त्र सुधार हुँदै गएको देखाउँछ", उहाँले भन्नुभयो ।

वर्तमान सरकार गठन भएपछि आर्थिक सूचकहरु सुध्रदै गएको अर्थमन्त्री पौडेलले बताउनुभयो । "आर्थिक परिसूचक अहिलेको भन्दा पहिला नकारात्मक थिए । ती परिसूचकलाई सकारात्मक बनाउन समय लागेको छ र निकै बढी मेहनत गर्नुपरेको छ । ओरालो लागेको अर्थतन्त्रलाई अहिले सकारात्मक दिसामा डोऱ्याएका छौँ", उहाँले भन्नुभयो । सरकारले अध्यादेशमार्फत कानुन संशोधन गरे लगत्तै निजी क्षेत्रका छाता सङ्गठनले त्यसको स्वागत गरेको र यसले निजी क्षेत्रलाई अघि बढाउन भूमिका खेलेको उहाँको भनाइ थियो । "पुँजीगत खर्चमा गुणात्मक सुधार गर्न सरकारले काम गरिरहेको छ", अर्थमन्त्री पौडेलले भन्नुभयो । निर्माण व्यवसायीको भुक्तानी नरोकिएको उहाँले उल्लेख गर्नुभयो । "कुनै निर्माण व्यवसायीको भुक्तानी रोकिएको छैन । आजका दिनसम्म कसैले विधिसम्मत रुपमा दाबी गरेको छ भने भुक्तानी भएको छ", उहाँले भन्नुभयो ।

सम्पत्ति शुद्धिकरण अनुसन्धान मामलामा 'नेपाल फाइनान्सिएल एक्सन टाक्सफोर्स'को सम्भावित जोखिम सूचीमा पर्न नदिन नेपाल चनाखो रहेको अर्थमन्त्री पौडेलले बताउनुभयो ।

"सम्पत्ति शुद्धिकरण निवारण मामलामा हामीले गर्नुपर्ने कामको सूची छ । केन्द्रीय कार्यसूची बनाएर काम भइरहेको छ । त्यसलाई हामीले गम्भीरताका साथ कार्यान्वयन गरिरहेका छौँ । आफ्नो प्रतिष्ठा जोगाउँदै जाने विषयमा नेपाल सचेत छ", अर्थमन्त्री पौडेलले भन्नुभयो ।रासस

# बागमती प्रदेशसभाको पाँचौँ अधिवेशन माघ १० गतेदेखि


बागमती । बागमती प्रदेशसभा सचिवालयले यही माघ १० गतेदेखि पाँचौँ अधिवेशन बस्ने तयारी गरेको छ ।

बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको पाँचौँ अधिवेशन माघ १० गतेदेखि सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । "प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुखले अधिवेशन आह्वान गर्ने व्यवस्था छ", सभामुख पाठकले भन्नुभयो, "प्रदेश सरकारले माघ १० गतेलाई अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने भन्ने कुरा भएको छ, त्यहीअनुसार हामी अधिवेशन सञ्चालनको तयारीमा जुटेका छौँ । सम्भवतः आइतबार वा सोमबारसम्ममा प्रदेश सरकारबाट यसको जानकारी आउँछ होला", उहाँले भन्नुभयो ।

गत २०८१ वैशाख ३१ गतेदेखि सञ्चालन भएको बागमती प्रदेशसभाको चौथो अधिवेशन असोज ७ गते सकिएको थियो । सो अवधिमा बसेका ३८ बैठकले चारवटा विधेयक पारित गरेको थियोभने पाँचवटा विधेयक समितिमा पठाएको थियो । रासस

# कांग्रेसद्वारा प्रदेश सभापति थापामाथिको आक्रमणको निन्दा

काठमाण्डु । नेपाली कांग्रेसले पार्टीका कोशी प्रदेश सभापति एवं संसदीय दलका नेता, पूर्वमुख्यमन्त्री उद्धव थापामाथि केही व्यक्तिले शनिबार झापामा गरेको आक्रमणको निन्दा र भर्त्सना गरेको छ । नेपाल प्रेस युनियन झापाको कार्यक्रमबाट फर्कंदै गर्दा कन्काइ नगरपालिकाको सुरुङ्गा नजिक उहाँमाथि आक्रमण भएको थियो । उहाँको निधारमा चोट लागेको कांग्रेसले जनाएको छ ।





कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्तिमार्फत उहाँको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाको यथार्थ छानबिन गरेर अराजक र आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरुलाई कानुनी कारबाहीका लागि सरकारसँग माग गर्नुभएको छ ।रासस

# 'चीनसँगको सम्बन्ध उच्च प्राथमिकतामा'





काठमाण्डु । उपसभामुख इन्दिरा रानाले नेपाल-चीनबीचको सम्बन्ध उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ । चिनियाँ नयाँ वर्षको उपलक्ष्यमा काठमाडौँमा आयोजित परेड कार्यक्रममा सम्बोधन गर्दै उपाध्यक्ष रानाले दुई देशबीचमा सुमधुर र समस्यारहित सम्बन्ध रहेकाले उच्च प्राथमिकता दिँदै आएको धारणा राख्नुभएको हो ।

"नेपाल र चीनबीच घनिष्ठ, मैत्रीपूर्ण र ऐतिहासिक सम्बन्ध छ । हाम्रो सम्बन्धको जरा गहिरो र बहुआयामिक छ", उहाँले भन्नुभयो, "हामी दुई देशबीचको सुमधुर र समस्यारहित सम्बन्धबाट धेरै खुसी छौँ र हामी चीनसँगको सम्बन्धलाई उच्च महत्व र प्राथमिकता दिन्छौँ ।"

उपसभामुख रानाले नेपाल सधैँ एक चीन नीतिको बलियो समर्थक रहँदै आएको पनि दोहोऱ्याउनुभयो ।

"नेपाल सधैँ एक चीन नीतिको बलियो समर्थक रहँदै आएको छ र भविष्यमा पनि यसमा प्रतिबद्ध रहनेछ", उहाँले भन्नुभयो, "नेपाली भूमिप्रयोग गरी चीनविरुद्धको कुनै पनि गतिविधि हुन नदिने हाम्रो नीति र प्रतिबद्धतामा हामी दृढ छौँ ।" उहाँले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति चीनले गरेको निःशर्त सम्मानको नेपालले सधैँ कदर गर्ने बताउनुभयो ।

दुई देशले उच्चस्तरीय भ्रमण र कार्यक्रमको नियमित आदानप्रदानबाट द्विपक्षीय सम्बन्धमा ऐतिहासिक प्रगति र गतिशीलता हासिल गरेको चर्चा गर्दै उपसभामुख रानाले औपचारिक भ्रमणका क्रममा भएका महत्वपूर्ण निर्णय र सहमतिहरूले द्विपक्षीय सम्बन्ध र सहयोगमा नयाँ गतिशीलता ल्याउने विश्वास पनि व्यक्त गर्नुभयो ।

उपसभामुख रानाले चीन र नेपाल, दक्षिण एसिया, दक्षिण पूर्व एसिया र मध्य एसियाका अन्य देशहरूबीचको सम्पर्क विस्तारका लागि ट्रान्स हिमालयन प्लेटफर्मको कार्यान्वयनलाई तीव्रता दिन चाहेको धारणा राख्नुभयो ।

चीनका राजदूत छन सोङ्ले चीन-नेपाल कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव र चिनियाँ नयाँ वर्ष मनाउने क्रममा आयोजित परेडले विशेष महत्व रहेको बताउँदै यसले दुई देशबीचको घनिष्ठ र निरन्तर बढ्दै गइरहेको सम्बन्धलाई अगाडि बढाउन उत्कृष्ट अवसर बन्ने विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा चीन र नेपालका विविध संस्कृति झल्कने प्रस्तुति पनि देखाइएको थियो ।रासस

# सरकारको मुख्य उद्देश्य आर्थिक समृद्धि हासिल गर्नु हो: गृहमन्त्री लेखक



दोधारा चाँदनी ।गृहमन्त्री रमेश लेखकले वर्तमान सरकारको प्रमुख उद्देश्य मुलुकमा आर्थिक समृद्धि हासिल गर्नु रहेको बताउनुभएको छ ।

नेपाल प्रेस युनियनले महेन्द्रनगरल आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मिलेर बनेको वर्तमान सरकारले मुलुकमा आर्थिक समृद्धि हासिल गर्ने, सुशासन कायम गर्ने, मुलुकमा दिगो शान्ती, विकास र समृद्धिको यात्रालाई अगाडि बढाउने लक्ष्य लिएको बताउनुभयो ।

"मुलुकमा स्थायित्य र दिगो विकासका लागि प्रमुख दुई पार्टी मिलेर सरकार बनेको छ", गृहमन्त्री लेखकले भन्नुभयो, "सरकारले सोहीअनुरुप समृद्धिको यात्रालाई अगाडि बढाउने गरी योजनाबद्ध रूपमा काम गरिरहेको छ ।" उहाँले मुलुकमा लगानीको वातावरण सिर्जना गर्न र उद्योगधन्दा फस्टाउने गरी सरकारले केही कानुन संशोधन गरेर अध्यादेश ल्याएको बताउनुभयो ।


गृहमन्त्री लेखकले सरकारले चाँडै संसद्को अधिवेशन आह्वान गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो । "अधिवेशन बोलाउनेबित्तिकै पहिलो दिन अध्यादेश प्रस्तुत हुन्छन्, पछि प्रतिस्थापन गर्ने कानुन बन्छन्", उहाँले भन्नुभयो, "यसरी समयसापेक्ष परिवर्तनलाई आत्मसात् गर्दै हामी विकास र समृद्धिको गतिमा अगाडि बढिरहेका छौँ ।"

गृहमन्त्रीले अहिलेको सरकार आगामी निर्वाचनसम्म जानेमा ढुक्क रहन सबैलाई आग्रह गर्नुभयो । "दुई पार्टीका बीचमा सात बुँदे सहमति भएका छन् हामी त्यो सहमति कार्यान्वयन गर्छौं, त्यहीअनुसार सरकार अघि बढ्छ", उहाँले भन्नुभयो, "हाम्राबीचमा कुनै समस्या छैन, बेलाबेलामा विभिन्न खालका हल्ला सुन्ने गरिन्छ, यो सरकार २०८४ सालको निर्वाचनसम्म कायम रहन्छ ।"

गृहमन्त्री लेखकले महाकाली नदीमा निर्माण भइरहेको पुलमा देखिएको समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । महाकाली करिडोर, दोधारा चाँदनीमा सुक्खा बन्दरगाह चाँडै निर्माण गर्न सरकार प्रतिबद्ध रहेको उहाँले जानकारी दिनुभयो । रासस

# अनुगमन तथा मूल्याङ्कन समितिद्वारा सरकारको ध्यानाकर्षण

काठमाण्डु । राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले 'आर्थिक वर्ष २०८०/८१' को प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ भएकोप्रति सरकारको ध्यानाकर्षण गराएको छ ।



समितिको आइतबारको बैठकले संविधानको धारा ४३ एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम आर्थिक वर्ष सकिएको छ महिनासम्म पनि सरकारले आव २०८०/८१ को प्रतिवेदन सार्वजनिक नभएको भन्दै सरकारको ध्यानाकर्षण गराएको हो ।

सांसद हितराज पाण्डेले आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदनबारे कानूनमा के व्यवस्था छ त्यसबारे समिति सबैभन्दा पहिले जानकार हुनुपर्नेमा जोड दिनुभयो । सांसद दिलेन्द्र बडुले संविधान निर्माण भएको नौ वर्षमा कतिवटा कानुन निर्माण भए र निर्माण हुन बाँकी कानुनबारे पनि समिति केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । सांसद सन्तोष परियारले समितिको बैठकमा प्रधानमन्त्री वा मन्त्रीनै सहभागी हुनुपर्ने बताउनुभयो ।

मुख्य सचिव एकनारायण अर्यालले प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीलाई समितिमा उपस्थित गराउनेबारे समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट
## हक कायम सम्बन्धी हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना

यसमा देश भारत जिल्ला पूर्वी चम्वारण रक्सौल नगर पञ्चायत वडा नं. ७ हाल मिना बजार वार्ड नं.-१२ मा बस्ने इश्वरी प्रसाद अग्रवालको नाति पवन कुमार अग्रवालको छोरा कमल कुमार अग्रवालले आफ्नो बुवा नाता पर्ने पवन कुमार अग्रवालको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गाको हक कायम गरी पाउँ भनी द.नं.११७४ मिती २०८१/०४/२५ गतेको मागँ निवेदन हक कायम गरी माग भइ आएकोमा मोठ भिडान हुदा ज.ध.पवन कुमार माडवाडीको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको वतनमा बिरगंज मात्र उल्लेख रहेको तिनपुस्ते कायम नरहेकोले, मि.नं.११७८ मिती २०५८/१२/२२ मोठ भिडेको छ साथै वीरगंज उप-महानगरपालिका को.अ.व.६४/६५ को चलानी नं.२८१५ मिती २०६४/१२/१९ को हक कायम सिफारीस नगर परिषद रक्सौल पूर्वी चम्पारण बिहारको पत्राकं ०४१/२४ मिती ३२/१२/२०२४ को सिफारी समेतले सो जग्गाको हक कायम गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेकोले सो सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, निवेदक वाहेको अरु कोही हकदार छ छैन,निज ज.ध.को कति छोरा छोरी छन असर पर्ने भए वा मोठ श्रेस्ता कायम हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम नामसारी भै जाने छ ।

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | सन्तपुर(दो) | ४ | ४१ | ०-८-१० | पवन कुमार माडवाडी बिरगंज |

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१०/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८१/१०/२१ गते/स्थान : शाखा कार्यालय रामगोपालपुर, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय**
**२०८१/१०/२३ गते, बुधबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : जयसवाल कोल्ड स्टोर्स**<br>घरेलु तथा साना उद्योग कार्यलय, जलेश्वर, महोत्तरी<br>प्रा.फ.र.नं. २५६९/३४/०७०/०७१, दर्ता मिति : २०७१/०१/२८<br>पान नं. ६०२१३२४२०, दर्ता मिति : २०७१/०२/०४<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६, **प्रोप्राइटर : शम्भु साह** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : शम्भु साह**<br>ना.प्र.नं. ०६३६२८६२, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५२/०५/०८<br>बाबुको नाम : हरिहर साह कलवार<br>बाजेको नाम : राम सकल साह<br>ठेगाना : सर्लाही जिल्ला, बलरा गा.बि.स. वडा नं. ६<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ | **२. नाम : मधुरेन्द्र प्रसाद जयसवाल**<br>ना.प्र.नं. १९-०१-७७-१८७११, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७७/०९/१९<br>बाबुको नाम : शम्भु साह<br>बाजेको नाम : हरिहर साह कलवार<br>ठेगाना : सर्लाही जिल्ला, बलरा वडा नं. ४<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ |
| | **३. नाम : पुनीता कुमारी देवी**<br>ना.प्र.नं. १९१००२/२१, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६६/११/२६<br>पति : शम्भु साह<br>ससुरा : हरिहर साह कलवार<br>ठेगाना : सर्लाही जिल्ला, बलरा गा.बि.स. वडा नं. ६<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ | **४. नाम : रेनुका जैसवाल**<br>ना.प्र.नं. १९-०१-०७४-०२५१३, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०७४/०३/११<br>बाबुको नाम : शम्भु साह<br>बाजेको नाम : हरिहर साह कलवार<br>ठेगाना : सर्लाही जिल्ला, बलरा वडा नं. ४<br>हाल : सर्लाही जिल्ला, बलरा न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** | |
| | शम्भु साहको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, बलरा वडा नं. ५ स्थित कित्ता नं. ७८३ को क्षेत्रफल ०-०-१९-९ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# गाजा युद्धबिराम सुरु, स्थायी शान्तिको प्रयासमा एक खुडकिलो



काठमाण्डु । अक्टोबर ७, २०२३ अर्थात् २०८० असोज २० गते इजरायलले एक अकल्पनीय घटनाको सामना गर्नु परेको थियो । गाजा क्षेत्रबाट एकाएक प्रवेश गरेका हमासका केही हजार लडाकूले बलियो इजरायली सुरक्षा तैनाथीलाई छक्याएर इजरायलको दक्षिणका किब्बुज र आसपासमा भिषण हमला गरेका थिए । यस हमलाबाट किब्बुज आलुमिम फार्ममा कार्यरत १० जना नेपाली विद्यार्थी सहित करिब एक हजार २०० व्यक्तिको ज्यान गएको थियो । इजरायल र हमासबीच सन् २००८ यता यो पाँचौं भिषण युद्ध हो ।

सन् १९४८ मा इजरायल स्थापना भएयता इजरायलमाथि यति ठूलो हमला कहिल्यै भएको थिएन । हमासका लडाकूले किब्बुजका घरघरमा प्रवेश गरेर बुढाबुढी, केटाकेटी, युवा जोकोहीलाई निर्ममतापूर्वक हत्या गरेका थिए भने घरबस्तीलाई खण्डहरमा परिणत गरिदिएका थिए । यतिमात्र होइन, उनीहरुले २५१ जना बालबालिका, वृद्ध र युवालाई अपहरण गरेर गाजा लगेका थिए । गाजामा नाकाबन्दी गरेको, अल-अक्सा मस्जिदमा कारबाही गरेको, गाजा र पश्चिम किनारामा जबर्जस्ती बस्ती बिस्तार गरेको बदलामा इजरायलमाथि आक्रमण गर्नुपरेको हमासले बताउँदै आएको छ ।

यो घटनाबाट आहत भएको इजरायलले हमास विरुद्ध अक्टोबर २७ देखि भिषण स्थल सैन्य र हवाई कारबाही थालेको थियो । हमासलाई समुल नष्ट गर्ने र बन्धकहरुलाई मुक्त गर्ने अभियानमा लागेको इजरायललाई संयुक्तराज्य अमेरिका सहित पश्चिमा देशहरुले आर्थिक, सैनिक, राजनैतिक समेत सबै किसिमका सहायता र आडभरोसा दिएका थिए । इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहूको सरकारले हमास बिरुद्ध थालेको सैन्य कारबाहीले हमासले गरेको आक्रमणलाई पनि बिर्साइदिएको छ ।

अन्तर्राष्ट्रिय मेडिकल जर्नल ल्यान्सेटका अनुसार, इजरायली बमबारीबाट गाजापट्टीमा मात्र ७० हजार भन्दा बढी प्यालेस्टिनीको मृत्यु भइसकेको छ । यद्यपि यो संख्याका बारेमा फरक फरक विवरणहरु आइरहेका छन् । हमास नेतृत्वको स्वास्थ्य मन्त्रालयले इजरायली हमलाबाट ४६ हजार ८९९ जना प्यालेस्टिनीको ज्यान गएको बताएको छ । र, मारिएका मध्ये आधाभन्दा बढी महिला र बालबालिका छन् ।

एक लाख बढी प्यालेस्टिनी अङ्गभङ्ग भएका छन् । मानवीय सङ्कटको चरम स्थितिमा पुगेपनि इजरायली आक्रमण निरन्तर जारी रहेको थियो । गाजाका करिब २३ लाख सर्वसाधारण आफ्ना घर छाडेर टेन्टमा कष्टकर जीवन जिउन बाध्य छन् । उनीहरुका ९० प्रतिशत घर इजरायली बमबारीबाट क्षतिग्रस्त भएको सञ्चार माध्यमहरुले बताएका छन् । युद्धको यस विभिषिकाबाट बच्ने कुनै आशा छाडेका उनीहरुले अन्तर्राष्ट्रिय समुदाय समक्ष अनेक हारगुहार गरिरहे । गाजाका अधिकांश घरहरु भग्नावशेषमा परिणत भएका छन्, सडकहरु ट्र्याँक र बमबारीबाट क्षतिबिक्षत छन्, विद्यालय र अस्पताल कुनै बाँकी छैनन् । एक किसिमले गाजामा जातीय सफाया गर्न चाहेको आरोप इजरायलले खेपेको छ, र अन्तर्राष्ट्रिय न्यायालयले इजरायली प्रधानमन्त्री र हमास नेतृत्वमाथि युद्ध अपराधको मुद्दा चलाएको छ ।

इजरायलले हमासका नेताहरुलाई पनि गाजा र अन्यत्र छानीछानी हत्या गरिदिएको छ । यसक्रममा २०२४ अक्टोबर १६ मा हमासका नेता याया सिनवार इजरायली स्थल सेनाको कारबाहीमा मारिएका थिए भने अर्का बरिष्ट नेता इस्माइल हनिएको इरान भ्रमणका क्रममा हत्या भएको थियो ।

**लेबनान र इरानमाथि आक्रमण**

गाजामा सक्रिय हमास समूहलाई समर्थन गरेको आरोप लगाउँदै इजरायलले २०२४ सेप्टेम्बर २३ देखि लेबनानको दक्षिणी र राजधानी बेरुतका कतिपय क्षेत्रमा सक्रिय इरान समर्थित हेज्बोल्लाह लक्षित स्थल र हवाई आक्रमण गरेको थियो । यसक्रममा आठसय भन्दा बढी सर्वसाधारणका साथै ठूलो संख्यामा हेज्बोल्लाह समूहका सदस्यहरु मारिए । हेज्बोल्लाहका नेता हसन नसरल्ला, इब्राहिम अकिल समेत यस समूहका कैयौं बरिष्ठ सदस्यहरुको पनि ज्यान गएको थियो ।

झण्डै तीन महिनाको सैनिक कारबाही पछि हेज्बोल्लाह र इजरायली सरकारबीच नोभेम्बर २७ मा युद्धबिराम भएको थियो । यसक्रममा हेज्बोल्लाहले पनि इजरायली सहरहरुमा ड्रोन र क्षेप्यास्त्र प्रहार गरेर इजरायलमाथि दबाब सिर्जना गरेका थिए । तथापि, इजरायलको सैन्य सामर्थ्य अघिल्तिर हेज्बोल्लाह टिक्न सकेको थिएन ।

उता मध्यपूर्वमै युद्ध भड्किने आशंका निम्त्याउने गरी इरानले इजरायलमाथि २०२४ अक्टोबर १ मा १०० भन्दा बढी क्षेप्यास्त्र प्रहार गरेको थियो, तर संयुक्तराज्य अमेरिकाको दबाबपछि इजरायलले तत्कालै प्रत्याक्रमण गरेको थिएन । तर इजरायल चुप लागेर बस्ने अवस्थामा थिएन, र उसले पनि इरानमा अक्टोबर २६ मा हवाई आक्रमण गरेर इरानभित्र क्षति गरेको दाबी गरेको थियो ।

**युद्धबिराम, शान्तितर्फको एउटा अवसर**

सन् २०२३ नोभेम्बर २४ मा कतारको मध्यस्थतामा पहिलो युद्धबिराम भएको थियो । यो युद्धबिरामलाई स्थायी बनाउने प्रयत्न हुँदाहुँदै नोभेम्बर ३० मा अर्थात् ६ दिनमा भङ्ग भएको थियो । यस अवधिमा हमास समूहले आफ्नो नियन्त्रणमा रहेका झण्डै १५० जना बन्धकलाई मुक्त गरेका थिए । तर यो युद्धबिरामलाई दिगो बनाउने प्रयास सफल भएन, र सम्पूर्ण बन्धकलाई मुक्त नगर्दासम्म युद्धबिराम नगर्ने र आक्रमण जारी राख्ने इजरायलले घोषणा गरेको थियो ।

इजरायलले गाजाबासीमाथि शक्तिको चरम दुरुपयोग गरेको भन्दै संयुक्तराज्य अमेरिका समेत अन्तर्राष्ट्रिय समुदायले इजरायलमाथि दबाब सिर्जना गरे पनि इजरायली प्रधानमन्त्री टसमस भएनन् । तर अमेरिकामा राष्ट्रपति पदमा डोनाल्ड ट्रम्प निर्वाचित भएपछि मात्र इजरायलले आफ्नो नीतिमा परिवर्तन गरी युद्धबिराममा सहमति जनाउन केही नरम भएको थियो । पछिल्लो युद्धबिराम गराउन पनि बाइडेन प्रशासनका अलावा ट्रम्पका वार्ताकारहरु कतारमा भेला भएका थिए ।

तीन चरणमा कार्यान्वयनमा ल्याइने यो युद्धबिराम प्रस्तावलाई इजरायली मन्त्रिपरिषदले स्वीकृत गरेको छ । युद्धबिराम सम्झौता आइतबार बिहान ८.३० (इजरायली समय अनुसार) बजेदेखि सुरु हुँदैछ । युद्धबिराममा प्रमुख मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको कतारले एक विज्ञप्ति जारी गर्दै गाजापट्टिमा २०२५ जनवरी १९ को बिहान ८.३० बजे (नेपाली समय अनुसार दिउँसो १२.१५ बजे) देखि युद्धबिराम सम्झौता लागू हुने भएकाले युद्धरत सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ । युद्धबिरामको गाजाबासी र बन्धक बनाइएका परिवारले स्वागत गरिसकेका छन् ।

हाल सार्वजनिक भएको प्रस्ताव अनुसार, हमासले छ हप्ताभित्र आफ्नो नियन्त्रणमा रहेका ३३ जना बन्धकलाई मुक्त गर्नेछ जसमा महिला, बालबालिका र वृद्धवृद्धा रहनेछन् भने यसको बदलामा इजरायलले पनि इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीबन्दी रिहा गर्दैछ । बिबिसीका अनुसार, इजरायलले गाजाक्षेत्रको मुख्य भूभागबाट आफ्ना सेनालाई फिर्ता ल्याउन सुरु गर्नेछ । बिस्थापित गाजाबासीलाई आफ्ना घर फर्कन दिइने छ। गाजाका लागि अत्यावश्यकीय सामान बोकेका ट्रकलाई सुरक्षा जाँचपछि प्रवेश गर्न दिइनेछ । इजिप्ट-गाजा सीमामा खाद्यान्न र अन्य अत्यावश्यक सामग्री बोकेका सयौं ट्रक गाजा प्रवेशको पर्खाइमा लामबद्ध छन् । राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले गाजामा खाद्यान्न बोकेका ट्रकलाई निर्वाध र सहज प्रवेश दिन द्वन्द्वरत पक्षहरुसमक्ष आह्वान गरेको छ । "गाजाका २३ लाख बासिन्दा खाद्यान्नको चरम अभावमा बाँचिरहेका छन् । उनीहरुलाई जतिसक्दो चाँडो खाद्यान्न दिएर बचाउनु जरुरी छ ।"

युद्धबिरामको दोस्रो चरणमा बाँकी बन्धकलाई मुक्त गरिने छ भने गाजाबाट सबै इजरायली सैनिक फिर्ता हुनेछन् ।

तेस्रो चरणमा भने हमासले बन्धक बनाएका तर मृत्यु भइसकेका बन्धकलाई इजरायल फिर्ता गरिने छ भने गाजाको पुनर्निर्माण अभियान सुरु हुनेछ । एक अनुमान अनुसार, हमास समूहलाई समेत सबै बन्धकको स्थितिका बारेमा जानकारी छैन । नेपाली विद्यार्थी बिपिन जोशी हमासको अपहरणमा परेका भए पनि अझै उनका बारेमा हमासले केही खुलाएको छैन । यद्यपी, युद्धबिरामको शर्तमै बन्धक बनाइएकाहरु सबैलाई मुक्त गर्ने भनिएकाले यसपटक बिपिन सकुशल रिहा हुने अनुमान गर्न सकिन्छ। पछिल्लो युद्धबिरामलाई दिगो बनाउन र गाजामा मानवीय सहायताका साथै पुनर्निर्माणका लागि के गर्ने भन्ने प्रष्ट भइसकेको छैन । गाजाको प्रशासन अब कसले सञ्चालन गर्नेछ ? हमास वा अरु कुनै निकायले ? यो प्रश्न अनुत्तरित छ, र यसमा इजरायल वा अमेरिकी प्रशासनले केही बताएका छैनन् । अतिशय दुःख व्यहोर्न बाध्य गाजाका पीडित बासिन्दा पटकपटकका यस्ता युद्ध सधैंका लागि अन्त्य भएको हेर्न चाहन्छन्, तर यसको दिगो समाधान दुई-राज्य नै हो भन्नेमा बिमति छैन ।

**हमासद्वारा रिहा हुने तीन बन्धकको नाम सार्वजनिक**

प्यालेष्टिनी इस्लामी समूह (हमास) को सशस्त्र शाखाले आइतबार युद्धविराम सम्झौता अन्तर्गत रिहा हुने पहिलो तीन महिला बन्धकको नाम सार्वजनिक गरेको छ ।

यससँगै सम्झौताको मध्यस्थकर्ता अमेरिका, कतार र इजिप्टले युद्धविराम सम्झौता कार्यान्वयन सुरू भएको पुष्टि गरेका छन् ।

स्थानीय समयअनुसार ८:३० मा सुरु हुने भनिएको युद्धविराम तोकिएको समयभन्दा दुई घण्टा ४५ मिनेट ढिलो अर्थात् इजरायली समय अनुसार ११:१५ बजेदेखि शुरू भएको इजरायलले पुष्टि गरेको छ ।

"सम्झौताको एक भागको रूपमा, इज्जेदिन अल-कासम ब्रिगेडले आज (आइतबार) निम्न इजरायली कैदीहरू, डोरोन स्टेनब्रेकर, एमीली डामारी र रोमी गोनेनलाई रिहा गर्ने निर्णय गरेको छ," बन्धक महिलाहरूको नाम सार्वजनिक गर्दै समूहले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

त्यसमा एक जना ३१ वर्षकी भेटनरी नर्स, सुपरनोभा फेस्टिभलका क्रममा बन्धक बनाइएकी २४ वर्षकी युवती र ब्रिटिस इजरेली दोहोरो नागरिकता रहेकी २८ वर्षकी युवती रहेको जनाइएको छ।

यसअघि, इजरायलले स्थानीय समयअनुसार ८:३० मा सुरु हुने भनिएको युद्धविराम रिहा हुनेहरूको सूची इजरायलल प्राप्त नगरेसम्म सुरु नहुने बताउँदै गाजाका विभिन्न भागमा चेतावनीवरूप कारबाही जारी गरेको थियो ।

यसैबीच हमास नेतृत्वको 'सिभिल डिफेन्स एजेन्सी'ले आइतवार बिहानबाट युद्ध विराम सुरु हुने भनिएको समययता इजरायली हवाई आक्रमणमा दशजना मारिएको बताएका छन्।

उक्त निकायका प्रवक्ता मोहमद बासालका अनुसार छ जना गाजामा मारिएका थिए भने तीन जना उत्तरमा र एक जना रफाहमा मारिनुका साथै विभिन्न स्थनमा गरी थप २५ जना घाइते भएका छन् ।

यसअघि, इजरायली सेनाले प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको निर्देशन भन्दै युद्धविराम सुरु नभएसम्म गाजामा सैन्य कारबाही जारी राख्ने बताएको थियो।

प्रधानमन्त्री नेतन्याहुले आइतवार रिहा गर्ने भनिएका पहिलो तीन बन्धकको नाम हमासले सार्वजनिक नगरेसम्म युद्धविराम सुरु नगर्न देशको सेनालाई आदेश दिनुभएको थियो ।

> सन् २०२३ नोभेम्बर २४ मा कतारको मध्यस्थतामा पहिलो युद्धबिराम भएको थियो । यो युद्धबिरामलाई स्थायी बनाउने प्रयत्न हुँदाहुँदै नोभेम्बर ३० मा अर्थात् ६ दिनमा भङ्ग भएको थियो । यस अवधिमा हमास समूहले आफ्नो नियन्त्रणमा रहेका झण्डै १५० जना बन्धकलाई मुक्त गरेका थिए । तर यो युद्धबिरामलाई दिगो बनाउने प्रयास सफल भएन, र सम्पूर्ण बन्धकलाई मुक्त नगर्दासम्म युद्धबिराम नगर्ने र आक्रमण जारी राख्ने इजरायलले घोषणा गरेको थियो ।

# सिरहा नगरस्तरीय फुटबल प्रतियोगिता यही माघ ८ गतेदेखि



सिरहा । सिरहा नगरस्तरीय फुटबल प्रतियोगिता यही माघ ८ गतेदेखि सञ्चालन हुने भएको छ । सिरहा नगरपालिकाको आर्थिक सहयोगमा सलहेश युवा क्लबले प्रतियोगिताको आयोजना गर्ने क्लबका अध्यक्ष राजीपकुमार यादवले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रतियोगिता सदरमुकाम सिरहामा रहेको सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पसको खेलमैदानमा हुनेछ । यस प्रतियोगितामा सिरहा नगरपालिकाका २२ वडामध्ये १७ वटा वडाले आफ्नो सहभागिता जनाउने उहाँले जानकारी दिनुभयो ।

नगर क्षेत्रमा क्रियाशील युवा खेलाडीलाई समेटी उनीहरूको अन्तरनिहीत क्षमता र खेल क्षेत्रको विकासका लागि प्रतियोगिता गर्न लागिएको नगरप्रमुख डा नवीनकुमार यादवले बताउनुभयो । उहाँले युवाहरूलाई कुलतबाट बचाउन र विदेश पलायन हुनबाट रोक्न यो प्रतियोगिताको विषेश महत्व रहने धारणा व्यक्त गर्नुभयो । प्रतियोगितामा विजेतालाई नगद, मेडल र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।रासस

## प्रधानमन्त्री कप क्रिकेटः

# कोशीले बागमतीलाई हरायो



बैतडी । यहाँ जारी प्रधानमन्त्री कप टी-२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबारदेखि समूह 'बी'का खेल सुरु भएका छन् । समूह 'बी'को पहिलो खेलमा कोशी प्रदेशले बागमती प्रदेशलाई १० रनले पराजित गर्दै सुखद् सुरुआत गरेको छ ।

खराब मौसमका कारण १३ ओभरमा छोट्याइएको खेलमा ६४ रनको लक्ष्य पछ्याउने क्रममा बागमती १२ दशमलव एक ओभरमा ५३ रनमा समेटियो । बागमतीका लागि सविका यादवले २० र विपिशा शाहीले अविजित १२ रन बनाइन् ।

कोशीका लागि कप्तान रूबिना क्षेत्री, ज्योती दनुवार र सङ्गीता राईले दुई/दुई विकेट लिए ।

फाप्ला क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्ता पाएको कोशीले निर्धारित १३ ओभरमा सात विकेटको क्षतिमा ६३ रन बनायो ।

उसका विमला मलाहाले अविजित १९ र कप्तान रूविना क्षेत्रीले १५ रनको योगदान दिइन् । बागमतीका लागि मनिशा उपाध्यायले ह्याट्रिकसहित चार विकेट हात पारिन् । मनिशा जारी प्रतियोगितामा ह्याट्रिक गर्ने पहिलो खेलाडी समेत बनिन् । कोशीकी कप्तान क्षेत्री प्लेयर अफ द म्याच भइन् । समूह 'ए'बाट एपिएफ र सुदूरपश्चिमले शीर्ष चारमा स्थान बनाइसकेका छन् । यही माघ १ गतेदेखि सुरू प्रतियोगितामा नौ टोलीको सहभागीता छ । प्रतियोगिताको उपाधि विजेताले रु पाँच लाख, दोस्रो हुनेले रु तीन लाख, प्लेयर अफ द सिरिजलाई रु ५० हजार, उत्कृष्ट ब्याटर र उत्कृष्ट बलरलाई रु २५/२५ हजार पुरस्कार दिइनेछ ।रासस

# दुई लाख सिरियाली शरणार्थी स्वदेश फिर्ता

एएफपी

दमास्कस । सिरियामा लामो समयदेखि शासन गर्दै आएका बसर अल-असदलाई सत्ताच्यु गरिएपछि अन्तरिम सरकार र सहयोगी अन्तर्राष्ट्रिय सङ्घसंस्थाको पहलमा करिब दुई लाख शरणार्थी स्वदेश फिर्ता भएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त फिलिप्पो ग्रान्डीले गत वर्षको डिसेम्बर यता करिब दुई लाख सिरियाली शरणार्थी आफ्नो देश फर्केको पुष्टि गर्नुभयो ।

सन् २०२४ डिसेम्बर ८ मा राष्ट्रपति बसर अल असदको सरकार ढलेपछि जनवरी १६ सम्ममा एक लाख ९५ हजार २०० सिरियाली नागरिक स्वदेश फर्किसकेका ग्रान्डीले सामाजिक सञ्जाल एक्समा पोस्ट गरेको तथ्याङ्कमा उल्लेख छ । उहाँले शरणार्थी व्यवस्थापनका लागि सिरिया र छिमेकी देशहरूको भ्रमण गर्ने योजना पनि घोषणा गर्नुभएको छ ।

शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (यूएनएचसीआर), संयुक्त राष्ट्र सङ्घीय शरणार्थी निकायको समर्थनलाई बलियो बनाउन समयसीमा निर्दिष्ट नगरिएको भएपनि क्रमिकरूपमा कार्यतालिका सावजनिक गरिने र शरणार्थीको फिर्ती तथा व्यवस्थापन गरिने छ।

यसैबीच, युएनएचसीआरका अनुसार सन् २०२४ मा पाँच लाख ५० हजारभन्दा बढी सिरियालीहरू आफ्नो देश फर्केका छन् । फिर्ता भएका शरणार्थीमध्ये सबैभन्दा बढी हिस्सा उत्तरी अलेप्पो प्रान्तका रहेको बताइएको छ ।

धेरै सिरियाली शरणार्थीले स्वदेश फर्कन चासो देखाए पनि युएनएचसीआरले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनमा मिश्रित भावना रहेको उल्लेख गरिएको छ । उनीहरूमध्ये धेरैले सिरियाभित्र आफ्नो जीवन र घरहरू फर्कन र पुनर्निर्माण गर्न सक्षम हुन वित्तीय तथा बन्दोबस्तीका सामानको सहायताको आवश्यकतामा जोड दिएका छन्।

प्रत्युत्तरमा युएनएचसीआर र यसका साझेदार संस्थाहरूले शरणार्थीको स्वदेश फिर्तीका लागि अन्तरनिकाय योजना अघि सारेको प्रतिवेदनमा उल्लेख छ । निकायले शरणार्थी र उनीहरूलाई स्वागत गर्ने समुदाय दुवैका लागि दिगो कोष र सुरक्षा कार्यक्रमहरूको महत्वलाई पनि जोड दिएको छ।रासस

# कोलम्बियामा विद्रोहीको आक्रमणमा परी ६० जनाको मृत्यु

एएफपी

तिबु । कोलम्बियामा नेशनल लिबरेसन आर्मी (इएलएन) विद्रोहीको आक्रमणमा परी कम्तीमा ६० जनाको मृत्यु भएको छ ।

कोलम्बियामा अहिले पनि सक्रिय सशस्त्र समूहमध्ये सबैभन्दा ठूलो बामपन्थी लडाकू समूह नेसनल लिबरेशन आर्मी (ईएलएन) का लडाकूहरू हालैका दिनहरूमा भएको भिडन्तमा कोलम्बियाको रिभोल्युसनरी आर्म्ड फोर्सेज अफ कोलम्बिया (फार्स) का विद्रोहीहरूविरुद्ध उत्रेका छन्।

भेनेजुएलासँग सीमा जोडिएको अशान्त क्याटाटुम्बो क्षेत्रमा पछिल्लो आक्रमणपछि भएको भिडन्तमा मृत्यु हुनेको स<्या ६० पुगेको अधिकारीहरुले शनिबार बताएका छन् । प्रतिद्वन्द्वी समूहहरूले वर्षौंदेखि यस क्षेत्रमा कोकिनको व्यापारनियन्त्रणका लागि लडाइँ गर्दै आएका छन्।

कोलीम्बयामा सन् २०१६ मा फार्कसँग ५० वर्षभन्दा लामो युद्धपछि शान्ति सम्झौता भएको थियो ।

ईएलएनको दक्षिणपन्थी अर्धसैनिक बल क्लान डेल गोल्फोसँग पनि भिडन्त भएको थियो, जुन देशको सबैभन्दा ठूलो 'कोकिनको कारोकार (ओसारपसार)' गर्ने समूह हो।

सैन्य कमाण्डर जनरल लुइस एमिलियो कार्डोजोले शनिबार भन्नुभयो, "देशको क्याटाटुम्बो क्षेत्रमा निकै नाजुक अवस्था छ ।"



उहाँले एक्समा सेनाद्वारा प्रकाशित एक भिडियोमा भन्नुभएको छ, "ईएलएन र फार्क विद्रोहीबीचको युद्धविरामको 'उल्लङ्घन' ले "सर्वसाधारणमा व्यापक असर छ"

उहाँले भन्नुभयो, "उनीहरुले स्थानीय निहत्था नागरिकलाई घरबाट निकालेर दयनीय तरिकाले हत्या गरेका छन्, सबै मानव अधिकारको उल्लङ्घन गरेका छन् । यो क्षेत्रलाई स्थिर बनाउने राष्ट्रिय सेनाको रूपमा हामीमा निर्भर छ," कार्डोजोले यस क्षेत्रमा तैनाथ सयौं सैनिकहरूलाई सम्बोधन गर्दै भन्नुभयो ।

सन् २०२२ मा निर्वाचित भएपछि राष्ट्रपति गुस्ताभो पेट्रोले अझै पनि कोलम्बियाको केही भागहरूमा नियन्त्रण गरिरहेका इएलएन र अन्य सशस्त्र समूहहरूसँग वार्ता सुरु गर्नुभएको थियो ।

ईएलएन समूहले 'युद्ध अपराध' गरेको आरोप लगाउँदै उहाँले अशान्तिको पछिल्लो श्रृ<लाको समयमा शुक्रबार उक्त समूहसँग वार्ता रोकेको घोषणा गर्नुभएको थियो ।

कोलम्बियाको ओम्बड्सम्यान कार्यालयले शनिबार राति क्याटाटुम्बोमा करिब ६० जनाको मृत्यु भएको जनाएको छ । कार्यालयका अनुसार केही बासिन्दा हिंसाबाट बच्न 'पहाडी क्षेत्रमा शरण लिइरहेका' छन् ।

"शान्तिमा हस्ताक्षर गर्ने, सामाजिक अगुवा र उनीहरूका परिवार र बालबालिकासमेत धेरैलाई अपहरण वा हत्याको विशेष जोखिम छ," कार्यालयले भनेको छ ।

प्रभावित समुदायले पनि खाद्यान्न अभावको सामना गर्न थालेको भन्दै कार्यालयले सशस्त्र समूहलाई मानवीय सहायतामा पहुँच प्रदान गर्न र सर्वसाधारणमाथि हुने सबै प्रकारका आक्रमण रोक्न आह्वान गरेको छ ।

# सुनचाँदीको मूल्य घट्यो

काठमाण्डु । अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेसँगै आइतबार स्थानीय बजारमा पनि सुनचाँदीको मूल्य घटेको छ । सुन प्रतितोला रू आठ सय र चाँदी प्रतितोला रू ३० घटेको हो ।



गत शुक्रबार प्रतितोला रू एक लाख ५७ हजार नौ सयमा कारोबार भएको सुन आइतबार प्रतितोला रू एक लाख ५७ हजार एक सय कायम भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ ।

त्यस्तै, आइतबार चाँदी प्रतितोला रू एक हजार आठ सय ६० मा कायम भएको छ । शुक्रबार चाँदी प्रतितोला रू एक हजार आठ सय ९० मा खरिद बिक्री भएको थियो । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य प्रतिऔँस अमेरिकी डलर १६ दशमलव २५ ले घटेर दुई हजार सात सय तीन दशमलव दुई कायम भएको छ ।रासस

# बडिगाडको ढाका उद्योगले पहिचान बनाउँदै

गलकोट । पाँच वर्षअघि बडिगाड गाउँपालिकाको सहयोगमा स्थापना भएको बडिगाड ढाका उद्योगले पछिल्लो समय आफ्नो बेग्लै पहिचान बनाउँदै गएको छ । ढाका कपडाको महत्व बुझाउँदै स्थानीय सरकारले बजारीकरणमा सघाउन थालेपछि यहाँ उत्पादित ढाकको टोपी, सल, झोला तथा अन्य कपडाले बजार पाउन थालेको छ ।

रु १० लाख लागतमा बडिगाड गाउँपालिकाले पाँच वर्षअघि स्थापना गरेको ढाका उद्योगमा अहिले ६ महिला ढाकाका कपडा उत्पादन गर्न व्यस्त हुनुहुन्छ । उनीहरूले उत्पादनअनुसार पारिश्रमिक पाउने गरेको बडिगाड ढाका तथा बुटिक उद्योगका सञ्चालक माया केसीले जानकारी दिनुभयो । उहाँले ढाका बुन्न सिकाउन भने निकै समय लाग्ने गरेको बताउनुभयो । पछिल्लो समय ढाकाबाट उत्पादन गरिएको खादा र टोपीको व्यापार फस्टाएको केसीको भनाइ छ ।

मेला, महोत्सव तथा औपचारिक समारोहमा ढाकाटोपी र सल मायाको चिनोका रूपमा दिने चलन बढेको छ । ढाकाका कपडा उत्पादन गर्न श्रम र खर्च धेरै लाग्ने भएकाले बजारमा आएका तयारी कपडासँग प्रतिस्पर्धा गर्न मुश्किल भएको छ ।



"मायाको चिनोका रूपमा ढाकाटोपी, सल र खादाका अहिले उच्च माग छ, सारी र ब्यागको माग कम छ, एउटै सारी बनाउन १८ दिन लाग्छ, कटन र रेसमको धागो महङ्गो छ", केसीले भन्नुभयो, "अहिले उत्पादनको आधा रकममा छ जनाले दैनिक ढाकाको कपडा उत्पादन गर्दै आउनुभएको छ, हातले बुनेको कपडा स्तरीय हुन्छ, कोसेलीका रूपमा विदेश पठाउने चलन छ, तर निकै कमले मात्र ढाकाको महत्व बुझेका छन् ।"

बडिगाड गाउँपालिकाले ढाका उद्योग सञ्चालन रहेको कार्यालयको भाडा छुट गरेको छ भने यहाँ उत्पादन भएका सामग्री बडिगाड, जैमिनी नगरपालिका र उद्योग वाणिज्य सङ्घको कोसेली घरले नियमित खरिद गर्दै आएका छन् । गण्डकी प्रदेश सरकारले रु दुई लाख अनुदान सहयोग गरेको छ ।रासस



# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/१०/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

## तपसिल

**क.सं. १.**

**ऋणीको विवरण**

**नाम : मो. नईम मियाँ**
बाबुको नाम : भगला मिया, बाजेको नाम : गोदेल
ठेगाना : लहान - ९, सिरहा
ना.प्र.प.नं. : ४३७३/८२९, जि.प्र.का. सिरहा, जारी मिति : २०५२/०५/१४
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : गुलसन खातुन | २. नाम : मोहमद रमिज |
|---|---|
| पतिको नाम : मो. नईम मियाँ | बाबुको नाम : मो. नईम मियाँ |
| ससुराको नाम : भगला मिया | बाजेको नाम : भगला मिया |
| ठेगाना : लहान - ९, सिरहा | ठेगाना : लहान - ९, सिरहा |
| ना.प्र.प.नं. : १५२००५/५ | ना.प्र.प.नं. : १५-०२-७७-०१६८२ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०६६/०८/२४ | जारी मिति : २०७७/०८/१५ |

**धितोको विवरण**

मो. नईम मियाँको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता रहेको लहान गोठ - ३, सिरहा स्थित कित्ता नं. ४१८ को क्षेत्रफल ०-१-१३-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. २.**

**ऋणीको विवरण**

**नाम : सुरज चौधरी**
बाबुको नाम : इन्दी चौधरी थारु, बाजेको नाम : मोहित चौधरी थारु
ठेगाना : कुशाहा - ९, सप्तरी, हाल : सुरुङ्गा - ४, सप्तरी
ना.प्र.प.नं. : १६-०१-७०-०४१८३, जि.प्र.का. सप्तरी, जारी मिति : २०७०/०७/०५
**शाखा कार्यालय : रुपनी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : पंची देवी चौधरी | २. नाम : इशान चौधरी |
|---|---|
| पतिको नाम : इन्दी चौधरी | पतिको नाम : सुरज चौधरी |
| ससुराको नाम : मोहित चौधरी थारु | ससुराको नाम : इन्दी चौधरी थारु |
| ठेगाना : कुशाहा - ९, सप्तरी | ठेगाना : दौलतपुर - ४, सप्तरी |
| हाल : सुरुङ्गा - ४, सप्तरी | हाल : सुरुङ्गा - ४, सप्तरी |
| ना.प्र.प.नं. : ४०६९ | ना.प्र.प.नं. : १६-०१-७१-०००७५ |
| जि.प्र.का. सप्तरी | जि.प्र.का. सप्तरी |
| जारी मिति : २०६१/०९/०४ | जारी मिति : २०७१/०१/०५ |

**धितोको विवरण**

पंची देवी चौधरीको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता रहेको मधुपट्टी - ९/क, सप्तरी स्थित कित्ता नं. ११२९ को क्षेत्रफल ०-३-५.५-० (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. ३.**

**ऋणीको विवरण**

**नाम : हरसिका कस्मेटीक एण्ड फैन्सी स्टोर्स**
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर धनुषा
दर्ता नं. : १५०४८/१८२८/२०७६/०७७, दर्ता मिति : २०७६/११/२२
ठेगाना : गणेशमान चारनाथ - २, धनुषा
**प्रोप्राईटर : सोशिला कुमारी धामी, शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : दिलिप कुमार अधिकारी | २. नाम : सोशिला कुमारी धामी |
|---|---|
| बाबुको नाम : रामसेवक अधिकारी | पतिको नाम : दिलिप कुमारी अधिकारी |
| बाजेको नाम : राणा अधिकारी | ससुराको नाम : रामसेवक अधिकारी |
| ठेगाना : भरतपुर - ७, धनुषा | ठेगाना : गणेशमान चारनाथ - २, धनुषा |
| हाल : गणेशमान चारनाथ - २, धनुषा | ना.प्र.प.नं. : १७-०१-७३-००९३० |
| ना.प्र.प.नं. : १७१०४५/२० | जि.प्र.का. धनुषा |
| जि.प्र.का. धनुषा | जारी मिति : २०७३/०१/२२ |
| जारी मिति : २०६४/०२/१७ | |

**३. नाम : राम सेवक अधिकारी**
बाबुको नाम : राणा अधिकारी, बाजेको नाम : सन्त अधिकारी
ठेगाना : भरतपुर - ७, धनुषा, हाल : गणेशमान चारनाथ - २, धनुषा
ना.प्र.प.नं. : १७३०४४/१८०२, जि.प्र.का. धनुषा, जारी मिति : २०६३/१२/११

**धितोको विवरण**

सोशिला कुमारी धामीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ७ क, धनुषा स्थित कित्ता नं. ४०८, ४०९ र ४१२ को क्षेत्रफल क्रमशः ०-०-४-८, ०-०-११-१२ र ०-०-३-० (विगहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. ४.**

**ऋणीको विवरण**

**नाम : श्रृष्टि सिलाई कटाई लघु उद्योग**
दर्ता नं. : ४५४, दर्ता मिति : २०७६/०२/२०
दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग लहान, सिरहा
**संचालक/शेयरधनी/प्रोप्राइटर : विमला कुमारी चौधरी**
**शाखा कार्यालय : लहान**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : विमला कुमारी चौधरी | २. नाम : हेम संकर चौधरी |
|---|---|
| पतिको नाम : हेम संकर चौधरी | बाबुको नाम : अछुतानन्द चौधरी |
| ससुराको नाम : अछुतानन्द चौधरी | बाजेको नाम : पवन चौधरी |
| ठेगाना : पटेर्वा - ९, सप्तरी | ठेगाना : ढोढना - ८, सिरहा |
| हाल : लहान - १५, सिरहा | हाल : लहान - १५, सिरहा |
| ना.प्र.प.नं. : ३६०६/१७००, | ना.प्र.प.नं. : ४०६ |
| जि.प्र.का. सप्तरी | जि.प्र.का. सिरहा |
| जारी मिति : २०५३/०९/०८ | जारी मिति : २०४७/०७/१८ |

**धितोको विवरण**

विमला कुमारी चौधरीको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता रहेको ढोढना - ३, सिरहा स्थित कित्ता नं. ७०१ र ७०३ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-३-०-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. ५.**

**ऋणीको विवरण**

**नाम : तिलिया देवी यादव**
पतिको नाम : उमेश यादव, ससुराको नाम : राम प्रसाद यादव
ठेगाना : पकरी - ५, सप्तरी, हाल : महादेवा - १, सप्तरी
ना.प्र.प.नं. : १६१०४०/१८६, जि.प्र.का. सप्तरी, जारी मिति : २०६६/११/२५
**शाखा कार्यालय : रुपनी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : राम प्रसाद यादव | २. नाम : किसनी देवी |
|---|---|
| बाबुको नाम : अनुप यादव | पतिको नाम : राम प्रसाद यादव |
| बाजेको नाम : रुप लाल यादव | ससुराको नाम : अनुप यादव |
| ठेगाना : पकरी - ५, सप्तरी | ठेगाना : पकरी - ५, सप्तरी |
| हाल : महादेवा - १, सप्तरी | हाल : महादेवा - १, सप्तरी |
| ना.प्र.प.नं. : ००२०४४१ | ना.प्र.प.नं. : ००२०२०७४ |
| जि.प्र.का. सप्तरी | जि.प्र.का. सप्तरी |
| जारी मिति : २०४४/०१/२४ | जारी मिति : २०४४/०९/२४ |

**३. नाम : उमेश यादव**
बाबुको नाम : राम प्रसाद यादव, बाजेको नाम : अनुप यादव
ठेगाना : पकरी - ५, सप्तरी, हाल : महादेवा - १, सप्तरी
ना.प्र.प.नं. : ६१७७, जि.प्र.का. सप्तरी, जारी मिति : २०६२/०३/०३

**धितोको विवरण**

तिलिया देवी यादवको नाममा मालपोत कार्यालय राजीबराजमा दर्ता रहेको दिधवा - ४, सप्तरी स्थित कित्ता नं. ५३८ को क्षेत्रफल ०-०-१५-० (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. ६.**

**ऋणीको विवरण**

**नाम : हेदाय तुलाह कवारी**
बाबुको नाम : हबिव कवारी, बाजेको नाम : मंगल कवारी
ठेगाना : लोहारपट्टी - ६, महोत्तरी
ना.प्र.प.नं. : ५५५२३४५१, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६१/०७/१७
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : हबिव कवारी | २. नाम : जैतुन खातुन |
|---|---|
| बाबुको नाम : मंगल कवारी | पतिको नाम : हबिव कवारी |
| बाजेको नाम : चुल्हाई कवारी | ससुराको नाम : मंगल कवारी |
| ठेगाना : लोहारपट्टी - ६, महोत्तरी | ठेगाना : लोहारपट्टी - ६, महोत्तरी |
| ना.प्र.प.नं. : ५५५२१६२१ | ना.प्र.प.नं. : ५५५२१६२८ |
| जि.प्र.का. महोत्तरी | जि.प्र.का. महोत्तरी |
| जारी मिति : २०३४/०१/२३ | जारी मिति : २०४४/१०/०५ |

**२. नाम : सहिदा खातुन**
पतिको नाम : हेदाय तुलाह कवारी, ससुराको नाम : हबिव कवारी
ठेगाना : लोहारपट्टी - ६, महोत्तरी
ना.प्र.प.नं. : १८-३-०४१/७२३, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/११/२२

**धितोको विवरण**

१. हबिव कवारीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको लोहारपट्टी - ५, महोत्तरी स्थित कित्ता नं. ४३६ को क्षेत्रफल ०-५-१२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. जैतुन खातुनको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको लोहारपट्टी - ४, महोत्तरी स्थित कित्ता नं. ५४८ क्षेत्रफल ०-१-६ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. धनी लुम्बिनी विकास बैंक भई ऋणी हेदाय तुलाह कवारीको नाममा यातायात व्यवस्था कार्यालय वीरगंजमा दर्ता रहेको सवारी नं. ना. ८ ख. ४२८२ रहेको भारत बेन्जको ट्रक ।

**क.सं. ७.**

**ऋणीको विवरण**

**नाम : उपेन्द्र सहनी**
बाबु : राम किशोर सहनी, बाजे : बन्हु सहनी
ठेगाना : बरीयारपुर -७, रौतहट, हाल : गरुडा -३, रौतहट
ना.प्र.प.नं. : १०३८, जि.प्र.का. रौतहट, जारी मिति : २०५२/०५/२९
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : चन्द्रवती देवी | २. नाम : आनन्दी देवी |
|---|---|
| पतिको नाम : उपेन्द्र सहनी | पतिको नाम : राम किशोर सहनी |
| ससुराको नाम : राम किशोर सहनी | ससुराको नाम : बन्हु सहनी |
| ठेगाना : बरीयारपुर -७, रौतहट | ठेगाना : बरीयारपुर -७, रौतहट |
| हाल : गरुडा -३, रौतहट | हाल : गरुडा -३, रौतहट |
| ना.प्र.प.नं. : ०३२३०९०/५६ | ना.प्र.प.नं. : २६७९३ |
| जि.प्र.का. रौतहट | जि.प्र.का. रौतहट |
| जारी मिति : २०६३/१२/०३ | जारी मिति : २०३६/०३/१३ |

**३. नाम : राकेश कुमार सहनी**
बाबुको नाम : उपेन्द्र सहनी, बाजेको नाम : राम किशोर सहनी
ठेगाना : बरीयारपुर -७, रौतहट, हाल : गरुडा -३, रौतहट
ना.प्र.प.नं. : ३२१०९०-१०३७, जि.प्र.का. रौतहट, जारी मिति : २०६७/०५/०७

**धितोको विवरण**

१. उपेन्द्र सहनीको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको मलाही -१, रौतहट स्थित कित्ता नं. २९१ र २९० को क्षेत्रफल क्रमशः ०-१-२ र ०-०-१८ (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. उपेन्द्र सहनी, चन्द्रवती देवी र आनन्दी देवीको संयुक्त नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको मलाही -७, रौतहट स्थित कित्ता नं. १०५ र ३७० को क्षेत्रफल क्रमशः ०-२-७ र ०-०-१६-६ (बिघा) तथा मलाही -९, रौतहट स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-९-१९ (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. ८.**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : दिनेश कुमार यादव** | **नाम : सविता कुमारी यादव** |
| बाबुको नाम : ध्यानी यादव | पतिको नाम : दिनेश कुमार यादव |
| बाजेको नाम : सुबोध यादव | ससुराको नाम : ध्यानी यादव |
| ठेगाना : नरहा - १, सिरहा | ठेगाना : नरहा बल्कवा - १, सिरहा |
| हाल : नरहा - ५, सिरहा | हाल : नरहा - ५, सिरहा |
| ना.प्र.प.नं. : ८८९३०४५ | ना.प्र.प.नं. : १५१०७३/१८३३३ |
| जि.प्र.का. सिरहा | जि.प्र.का. सिरहा |
| जारी मिति : २०५९/०८/१७ | जारी मिति : २०६८/०९/२२ |
| **शाखा कार्यालय : लहान** | |

**धितोको विवरण**

सविता कुमारी यादवको नाममा मालपोत कार्यालय सिरहामा दर्ता रहेको नरहा - १, सिरहा स्थित कित्ता नं. ३४५२ को क्षेत्रफल ०-१-११-० (विघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. ९.**

**ऋणीको विवरण**

**नाम : राजेश कुमार पटेल**
बाबुको नाम : रामरेख राउत, बाजेको नाम : बतहु राउत
ठेगाना : संग्रमपुर - ७ रौतहट, हाल : गढीमाई - ४, रौतहट
ना.प्र.प.नं.: ०३२३०९२/२२६, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/११/१३
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : रामरेख राउत | २. नाम : मुकेश कुमार पटेल |
|---|---|
| बाबुको नाम : बतहु राउत | बाबुको नाम : रामरेख राउत |
| बाजेको नाम : फौदार राउत कुर्मी | बाजेको नाम : बतहु राउत |
| ठेगाना : संग्रमपुर - ७, रौतहट | ठेगाना : संग्रमपुर - ७, रौतहट |
| हाल : गढीमाई - ४, रौतहट | हाल : गढीमाई - ४, रौतहट |
| ना.प्र.प.नं. : १३३०/१६४ | ना.प्र.प.नं. : ३२-०१-७१-०१९१६ |
| जि.प्र.का. रौतहट | जि.प्र.का. रौतहट |
| जारी मिति : २०४३/०४/१९ | जारी मिति : २०७१/०३/३० |
| **३. नाम : सुमिरा देवी** | **४. नाम : धनजोगीया देवी** |
| पतिको नाम : राजेश कुमार पटेल | पतिको नाम : रामरेख राउत |
| ससुराको नाम : रिमरेख राउत | ससुराको नाम : बतहु राउत |
| ठेगाना : संग्रमपुर - ७, रौतहट | ठेगाना : संग्रमपुर - ७, रौतहट |
| हाल : गढीमाई - ४, रौतहट | हाल : गढीमाई - ४, रौतहट |
| ना.प्र.प.नं. : ३२-०६-७४-०११७६ | ना.प्र.प.नं. : १०७१ |
| जि.प्र.का. रौतहट | जि.प्र.का. रौतहट |
| जारी मिति : २०७४/०४/२७ | जारी मिति : २०४५/०१/१३ |

**धितोको विवरण**

रामरेख राउतको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको संग्रमपुर - ९, रौतहट स्थित कित्ता नं. ८००, ८०१, ६७६ र ५८५ को क्षेत्रफल क्रमशः ०-०-१७, ०-०-१६, ०-०-९१/२ र ०-२-१० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. १०.**

**ऋणीको विवरण**

**नाम : ललिता देवी**
पतिको नाम : उपेन्द्र साह, ससुराको नाम : रामखेलावन साह
ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा
ना.प्र.प.नं. : ७६४८५३४५, जि.प्र.का. धनुषा, जारी मिति : २०५७/१०/०४
**शाखा कार्यालय : जनकपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : दीपक कुमार साह | २. नाम : उपेन्द्र साह |
|---|---|
| बाबुको नाम : उपेन्द्र साह | बाबुको नाम : रामखेलावन साह |
| बाजेको नाम : रामखेलावन साह | बाजेको नाम : शिवनाथ साह |
| ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा | ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा |
| ना.प्र.प.नं. : १७१०५८/३२६ | ना.प्र.प.नं. : ३५४८१९०४ |
| जि.प्र.का. धनुषा | जि.प्र.का. धनुषा |
| जारी मिति : २०६९/०२/२४ | जारी मिति : २०४४/०३/०८ |
| **३. नाम : जय प्रकाश साह** | **४. नाम : पुजा साह** |
| बाबुको नाम : उपेन्द्र साह | बाबुको नाम : उपेन्द्र साह |
| बाजेको नाम : रामखेलावन साह | बाजेको नाम : रामखेलावन साह |
| ठेगाना : हंसपुरकठपुल्ला - ३, धनुषा | ठेगाना : हंसपुरकठपुल्ला - १, धनुषा |
| ना.प्र.प.नं. : १७-०१-७४-०७८६८ | ना.प्र.प.नं. : १७-०१-७२-०८५०७ |
| जि.प्र.का. धनुषा | जि.प्र.का. धनुषा |
| जारी मिति : २०७४/०७/१२ | जारी मिति : २०७२/११/१४ |

**धितोको विवरण**

उपेन्द्र साहको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको वेंगाशिवपुर - ७ ख, धनुषा स्थित कित्ता नं. ४४८ को क्षेत्रफल ०-०-१०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क.सं. ११.**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : फुल प्रसाद मण्डल** | **नाम : जमुना देवी मण्डल** |
| बाबुको नाम : रामकृष्ण मण्डल | पतिको नाम : फुल प्रसाद मण्डल |
| बाजेको नाम : बुधु मण्डल | ससुराको नाम : रामकृष्णा मण्डल |
| ठेगाना : महदेवा - २, सप्तरी | ठेगाना : महदेवा - २, सप्तरी |
| हाल : तिलाठी कोईलाडी - ८, सप्तरी | हाल : तिलाठी कोईलाडी - ८, सप्तरी |
| ना.प्र.प.नं. : ००२०४८२७, जि.प्र.का. सप्तरी | ना.प्र.प.नं. : ६००३, जि.प्र.का. सप्तरी |
| जारी मिति : २०४६/०१/१३ | जारी मिति : २०५८/०८/१९ |
| **शाखा कार्यालय : रुपनी** | |

**धितोको विवरण**

जमुना देवी मण्डलको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता रहेको बभनगामाकट्टी - २, सप्तरी स्थित कित्ता नं. ११७८ को क्षेत्रफल ०-०-७ (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. १२.**

**ऋणीको विवरण**

**नाम : चन्दन सहनी किराना पसल**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग गौर, रौतहट
दर्ता नं. : ५६८६/४३५/९, दर्ता मिति : २०७४/०९/२०
**संचालक/शेयरधनीहरु/प्रोप्राइटर : मिश्रीलाल सहनी**
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : मिश्रीलाल सहनी | २. नाम : उषा देवी |
|---|---|
| बाबुको नाम : हिरदेव सहनी मलाह | पतिको नाम : मिश्रीलाल सहनी |
| बाजेको नाम : ग्यानचन सहनी | ससुरोको नाम : हिरदेव सहनी मलाह |
| ठेगाना : समनपुर - १, रौतहट | ठेगाना : समनपुर - १, रौतहट |
| हाल : गढीमाइ - १, रौतहट | हाल : गढीमाइ - १, रौतहट |
| ना.प्र.प.नं. : ५५४ | ना.प्र.प.नं. : ०३२३०८९/१४११ |
| जि.प्र.का. रौतहट | जि.प्र.का. रौतहट |
| जारी मिति : २०६२/०४/३२ | जारी मिति : २०६३/१२/१५ |

**धितोको विवरण**

१. मिश्रीलाल सहनीको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको समनपुर - २, रौतहट स्थित कित्ता नं. २२५ को क्षेत्रफल ०-०-१ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. उषा देवीको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको समनपुर - २, रौतहट स्थित कित्ता नं. २२२ को क्षेत्रफल ०-०-४-४ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. १३.**

**ऋणीको विवरण**

**नाम : महेश राय यादव**
बाबुको नाम : सोहराई राय यादव, बाजेको नाम : भुखल राय यादव
ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट, हाल : देवाही गोनाही - ७, रौतहट
ना.प्र.प.नं. : ३२-३-७२/३६, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०२/२७
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : मुकेश राय यादव | २. नाम : सोहराई राय यादव |
|---|---|
| बाबुको नाम : सोहराई राय यादव | बाबुको नाम : भुखल राय यादव |
| बाजेको नाम : भुखल राय यादव | बाजेको नाम : भुजन राय |
| ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट | ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट |
| हाल : देवाही गोनाही - ७, रौतहट | हाल : देवाही गोनाही - ७, रौतहट |
| ना.प्र.प.नं. : ३२-०१-७६-०१३०१ | ना.प्र.प.नं. : १४३४-६९ |
| जि.प्र.का. रौतहट | जि.प्र.का. रौतहट |
| जारी मिति : २०७६/०२/०९ | जारी मिति : २०४४/११/२१ |

**३. नाम : फुली देवी**
पतिको नाम : सोहराई राय यादव, ससुराको नाम : भुखल राय यादव
ठेगाना : प्रेमपुर गोनाही - १, रौतहट, हाल : देवाही गोनाही - ७, रौतहट
ना.प्र.प.नं. : ४३५३/१८५१/५६९, जि.प्र.का. रौतहट, जारी मिति : २०४५/०२/१६

**धितोको विवरण**

सोहराई राय यादवको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटमा दर्ता रहेको प्रेमपुर गोनाही - ६, रौतहट स्थित कित्ता नं. ५३४ र १०४ को क्षेत्रफल क्रमशः ०-२-० र ०-१-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. १४.**

**ऋणीको विवरण**

**नाम : रौनक बेगम मत्सय फर्म**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग गौर ,रौतहट
दर्ता नं. : ४८६५/१८, दर्ता मिति : २०७३/०४/१२
संचालक/शेयरधनीहरु/प्रोप्राइटर : शेख हुसनैन
**शाखा कार्यालय : गरुडा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

| १. नाम : शेख हुसनैन | २. नाम : गुलफन खातुन |
|---|---|
| बाबुको नाम : शेष मोकदम | पतिको नाम : शेख हुसनैन |
| बाजेको नाम : शेख एनुल | ससुराको नाम : शेष मोकदम |
| ठेगाना : रघुनाथपुर - ४, रौतहट | ठेगाना : रघुनाथपुर - ४, रौतहट |
| हाल : गरुडा - ९, रौतहट | हाल : गरुडा - ९, रौतहट |
| ना.प्र.प.नं. : ३२४ | ना.प्र.प.नं. : ३२२०८३/४७ |
| जि.प्र.का. रौतहट | जि.प्र.का. रौतहट |
| जारी मिति : २०५५/०५/०७ | जारी मिति : २०६८/०९/०७ |

**३. नाम : शेख अप्सर एमाम**
बाबुको नाम : शेख हुसनैन, बाजेको नाम : शेष मोकदम
ठेगाना : रघुनाथपुर - ४, रौतहट, हाल : गरुडा - ९, रौतहट
ना.प्र.प.नं. : ३२२०८३/५००, जि.प्र.का. रौतहट, जारी मिति : २०७२/०७/१९

**धितोको विवरण**

शेख हुसनैनको नाममा मालपोत कार्यालय गरुडामा दर्ता रहेको रघुनाथपुर, रौतहट स्थित कित्ता नं. १०४८, १०१४ र १०४६ को क्षेत्रफल क्रमशः ०-०-८-८, ०-०-१२-८ र ०-०-४-१२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. १५.**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|
| **नाम : कमल राउत भेडीहर** | **नाम : गायत्री देवी** |
| बाबुको नाम : गोपी राउत भेडीहर | पतिको नाम : कमल राउत भेडीहर |
| बाजेको नाम : सोनफी राउत भेडीहर | ससुराको नाम : गोपी राउत भेडीहर |
| ठेगाना : धर्मपुर - ३ रौतहट | ठेगाना : धर्मपुर - ३, रौतहट |
| हाल : गढीमाई - ७, रौतहट | हाल : गढीमाई - ७, रौतहट |
| ना.प्र.प.नं. : ११८७, जि.प्र.का. रौतहट | ना.प्र.प.नं. : ३२-०१-७६-०४९०३ |
| जारी मिति : २०६३/०५/०९ | जि.प्र.का. रौतहट |
| **शाखा कार्यालय : गरुडा** | जारी मिति : २०७६/०६/०६ |

**धितोको विवरण**

कमल राउत भेडीहरको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको धर्मपुर - ७ क, रौतहट स्थित कित्ता नं. ५०८ को क्षेत्रफल ०-०-७ (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय:
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६

# वरिष्ठ अधिवक्ता त्रिपाठी कुटिएकोमा विरोध



**टुडे समाचारदाता**

काठमाण्डु । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले आफूमाथि कुटपिट हुँदा प्रहरी रमिता हेरर बसेको आरोप लगाएका छन् ।

सर्वोच्च अदालत बार एसोसिएसनले आइतबार त्रिपाठीमाथि भएको आक्रमणको निन्दा गर्न आयोजना गरेको विरोध कार्यक्रममा बोल्दै उनले प्रहरीबाट धेरै ढिला प्रतिक्रिया आएको बताए।

वरिष्ठ अधिवक्ता त्रिपाठीले भने, "प्रहरीले सुरुमा रमिता मात्रै हेरेर बस्यो। प्रतिक्रिया दिन धेरै ढिला गऱ्यो। अहिले पनि अनुसन्धान तीव्र हुनुपर्ने हो, तर त्यसमा कुनै गति देखिएको छैन ।"

उनले कर्तव्यपालनको क्रममा कानून व्यवसायीमाथि आक्रमण हुनु न्यायिक प्रक्रियामाथिको गम्भीर चुनौती भएको बताए । उनले भने, "न्यायको पवित्रतामाथि आक्रमण गर्ने अधिकार कसैलाई छैन ।"

वरिष्ठ अधिवक्ता त्रिपाठीमाथि काठमाण्डु जिल्ला अदालत परिसरमा सहकारी ठगी प्रकरणको बहसपछि बाहिर निस्किने क्रममा आक्रमण भएको थियो ।

वरिष्ठ अधिवक्तामाथि भएको आक्रमणको विरोधमा आइतबार नेपाल बार एसोसिएसन परिसरमा कानून व्यवसायीहरूले कालो पट्टी बाँधेर प्रदर्शन गरेका छन् । सर्वोच्च अदालत बार एसोसिएसनको आह्वानमा आयोजित प्रदर्शनमा सहभागीहरू न्यायिक प्रक्रियामाथिको आक्रमणको कडा विरोध गर्दै दोषीलाई कारबाहीको माग गरेका छन् ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले अदालत परिसरमै आक्रमण हुनु कानुन व्यवसायीहरूको सुरक्षामा गम्भीर प्रश्न उठ्ने घटनाको रूपमा व्याख्या गरेका छन् । उनले भने, "लोकतन्त्रमा पेसा र व्यवसाय गर्ने अधिकार कुण्ठित हुन लागेको संकेत यो घटना हो। सरकार र अदालतले तत्काल ध्यान दिनुपर्छ ।"

वरिष्ठ अधिवक्ता शम्भु थापाले त्रिपाठीमाथिको आक्रमणलाई निन्दनीय भन्दै राजनीतिक दलहरू र तिनका कार्यकर्ताहरूले यस्तो गतिविधिप्रति गम्भीर ध्यान दिनुपर्ने बताए । उनले भने, "जमात मिलेर न्यायलाई दुत्कार्ने प्रयास कुनै पनि पक्षका लागि उचित हुन सक्दैन ।"

विरोधमा सहभागी कानुन व्यवसायीहरूले त्रिपाठीमाथिको हातपातलाई न्यायिक प्रक्रियाको अवरोध र अदालतको अवहेलना भन्दै यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूलाई कडा भन्दा कडा कारबाही गर्न माग गरे ।

# 'लैंगिक हिंसाको अन्त्यका लागि सामूहिक प्रयास आवश्यक'

**जनवरी २०२३ देखि डिसेम्बर २०२४ सम्मको दुई वर्षको अवधिमा मधेश प्रदेशमा सर्वाधिक ९ हजार १ सय ३३ वटा लैंगिक हिंसाका घटना प्रहरीमा दर्ता भएको तथ्यांक प्रस्तुत गर्दै मन्त्री साहले त्यस मध्ये ८० प्रतिशत घटना घरेलु हिंसाको रहेको बताए ।**

**टुडे समाचारदाता**

राजविराज । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साहले मधेश प्रदेशमा बढ्दो लैंगिक हिंसाका घटना प्रति चिन्ता व्यक्त गर्दै यसको न्यूनीकरणका लागि विभिन्न प्रयासहरु थालिएको बताएका छन् ।




लैंगिक हिंसा न्यूनीकरण गर्ने लक्ष्यका साथ महिला, बालबालिका तथा जेष्ठ मन्त्रालयद्वारा महिला समुत्थान परियोजना अन्तर्गत आइतवार देखि राजविराजमा शुरु भएको ६ दिने लैंगिक उत्तरदायित्व अनुसन्धान र संचारसीप तालिमको उद्घाटन तथा लैंगिक हिंसा विरुद्धको पुस्तक विमोचन कार्यक्रममा लैंगिक हिंसाको अन्त्यका लागि सामूहिक प्रयास आवश्यक रहेको बताए ।

जनवरी २०२३ देखि डिसेम्बर २०२४ सम्मको दुई वर्षको अवधिमा मधेश प्रदेशमा सर्वाधिक ९ हजार १ सय ३३ वटा लैंगिक हिंसाका घटना प्रहरीमा दर्ता भएको तथ्यांक प्रस्तुत गर्दै मन्त्री साहले त्यस मध्ये ८० प्रतिशत घटना घरेलु हिंसाको रहेको बताए ।

यसको निराकरणका लागि सबै तहका सरकार र नागरिक समाजले पनि भुमिका खेल्नु पर्नेमा उनको जोड थियो । लैंगिक हिंसा न्यूनीकरणका लागी जिल्लामा प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको समेत सकृय भूमिका रहेको बताउँदै मन्त्री साहले कार्यक्रममा सहभागी प्रहरी प्रशासनका उच्च अधिकारीलाई आफ्ना मातहतका निकायमा यसबारे उचित निर्देशन दिन आग्रह गरे ।

मन्त्री साहले एशियाली विकास बैंकको अनुदान सहयोग तथा संघिय र ३ वटा प्रदेश सरकारको साझेदारीमा हाल मुलुकको ३ वटा प्रदेशमा प्रादेशिक पुर्नस्थापना केन्द्र निर्माण कार्य शुरु भइसकेको र यसले लैंगिक हिंसा पीडितको उचित व्यवस्थापनमा मदत पुऱ्याउने विश्वास व्यक्त गरे ।

उनले बालबालिका, मानव बेचविखन र जेष्ठ नागरिक सम्बन्धी कानुन संशोधन गरी समयानुकुल बनाउने तयारीमा जुटेको बताउँदै छरिएर रहेका कानुनलाई एकीकृत गर्दा यसले राम्रो परिणाम दिने विश्वास समेत व्यक्त गरे ।

"परियोजना अन्तर्गत लैंगिक हिंसामा परेका पीडित वा प्रभावित व्यक्तीले राज्यको तर्फबाट पाउने संरक्षण, न्याय, पुनः र्स्थापनाका सेवाहरुमा पहुच, पूनः र्स्थापना केन्द्रहरुको निर्माण र सो कार्यमा खटिने प्रहरी तथा कर्मचारीको क्षमता विकास गर्ने लगायतका कार्यक्रमहरु समेटिएको छ, मन्त्री साहले भने, 'यो परियोजना मार्फत मुलुकको विभिन्न स्थानमा १५ वटा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र भवनको निर्माण कार्य समेत अघि बढाइएको छ ।'

६ दिनसम्म चल्ने सो तालिमले पीडितहरुको साथी बनेर उनीहरुको पीडा बुझ्न, न्याय दिन र ज्ञान सीप बढाउन मदत पुऱ्याउने विश्वास गरिएको छ ।

## लोसपाद्वारा उच्चस्तरीय वार्ता समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले एकताको सम्वादलाई छिट्टै निष्कर्षमा पुऱ्याउन उच्चस्तरीय वार्ता समिति गठन गरेको छ ।

लोसपा नेपालका वरिष्ठ सह-अध्यक्ष सर्वेन्द्रनाथ शुक्ल र वरिष्ठ उपाध्यक्ष लक्ष्मणलाल कर्ण सदस्य रहने गरी उच्चस्तरीय वार्ता समिति गठन गरिएको अध्यक्ष महन्थ ठाकुरले विज्ञप्तिमार्फत् जानकारी दिएका छन् । राजनीतिक अधिकार प्राप्तिका लागि संघर्षशील राजनीतिक शक्तिहरूबीच सम्वाद, सहकार्य र कार्यगत एकता आजको आवश्यकता भन्दै लोसपा नेपालले यसअघि नै ५ सदस्यीय कार्यदल बनाएको थियो । सो कार्यदल खारेज गर्दै उच्चस्तरीय वार्ता समिति गठन गरिएको ठाकुरले बताए ।

सो कार्यदलमा वरिष्ठ उपाध्यक्ष एवं मधेश प्रदेश अध्यक्षका जितेन्द्रप्रसाद सोनार, वरिष्ठ उपाध्यक्ष उमाकान्त झा, उपाध्यक्ष रामप्रकाश चौधरी, महासचिव डा. सुरेन्द्रकुमार झा र महासचिव मनिषकुमार मिश्रसहितको पाँच सदस्य थिए ।

यसअघि उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले कार्यकारिणी बैठकबाट मधेशका दलहरूबीच सहकार्य र एकता गर्न राजकिशोर यादवको नेतृत्वमा समिति बनाएको थियो । त्यस्तै सीके राउतको जनमत पार्टी र रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टीबीच सहकार्य प्रयास चलिरहेको छ । यस्तै जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले पनि एकता अपील गर्दै मधेशी शक्तिहरूबीच संवाद थालेका छन् ।

# सरकार परिवर्तनसंगै दुनो सोझ्याउँदै हाकिम

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालय आई.सी.पी. ले गत श्रावण देखि पुसको महिना सम्म बार्षिक लक्ष्यको जम्मा ३६.५६ प्रतिशत राजस्व संकलन गरेको छ । यो अवधिका लागि १ खर्ब ४ अर्ब १८ करोड २९ लाख राजस्व संकलनको लक्ष्य राखेको भएपनि ८० अर्ब ५ करोड ५१ लाख रुपैयाँ मात्र संकलन हुन सकेको जनाइएको छ ।

मुलुकको प्रमुख आर्थिक द्वारको रूपमा परिचय स्थापित गरेको वीरगञ्ज भन्सार कार्यालयमा आउने हाकिमहरु प्रायः शक्ति केन्द्रको आशीर्वाद प्राप्त गरेर आउने भएकोले उनीहरुले सरकारी राजस्व भन्दा व्यक्तिगत असुलीमा बढी ध्यान दिने गरेकोले विगत केही वर्ष देखि वीरगञ्ज भन्सारले लक्ष्य भेटाउन सकेको छैन ।

यो दुर्दशा हुनुको पछाडि मुलुकको अस्थिर राजनीति पनि एउटा कारण भएको र कुन बेला सरकार परिवर्तन भएर लखेटिनु भन्दा अगाडि आफ्नो दुनो सोझ्याउने प्रवृत्ति बढेको छ ।

सधै शक्ति केन्द्रको वरिपरि रहेर कहिले मेची भन्सार त कहिले रसुवा भन्सारमा बसेर रजगज गर्दै आएका वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद पाठक आए देखि कार्यालयको माहौल बिग्रिएको छ ।




गत कार्तिक महिनामा रामप्रसाद पाठकको संलग्नता अन्नपूर्ण ट्रेड लिंकले पैठारी गरेको १२ हजार १ सय किलो पोलार कपडालाई मलमलको बनाई न्युन राजस्व लिएर छोडिएको तीन वटा ट्रक राजस्व अनुसन्धान विभागले नियन्त्रणमा लिए पनि अनुसन्धानको नाउँ हाल सम्म झारा टार्ने काम भएको छ । यो प्रकरणमा नासु गोविन्द अधिकारीलाई भन्सार बिभागले वीरगन्ज भन्सारबाट बिभागमा झिकाएर पाठक लगायत जाँचपासमा संलग्न अन्य सबैलाई चोख्याइएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली नजिक भएको झ्याली पिट्दै पाठकले मन पर्ने व्यापारीको एच.एस कोड परिवर्तन गरी छुट दिने र मन नपरेको व्यापारीलाई दुःख दिने नयाँ रणनीति अख्तियार गरेका छन् ।

जंगलको राजा बाँदरलाई बनाएर हुँदैन म जस्तो सिंह हुनु पर्छ भन्दै आफ्नो साथीसंगी कर्मचारीहरुको खिल्ली उडाउने गरेको पाठक बेला बखत काम धन्दा छोडेर टिकटक बनाएर लुफ्त उठाउने गरेका छन् ।

पाठकको टोलीमा रहेका अधिकृतहरु दिव्य रञ्जन दाहाल, माधव भण्डारी, प्रकाश निरौला र दीपेन्द्र चौरसिया, नासू हरिबोल काफ्ले, सुवर्ण पौडेल र भोजराज रेग्मीलाई व्यापारीहरु 'द्रव्यपिसाच'को रूपमा चिन्ने गरेका छन् ।

दामोदर राठी,राजकुमार मोदी,कमल टिब्रेवाल,प्रमोद जैन, राजभक्त श्रेष्ठ र नन्द किशोर मल्ल लगायतका भन्सार एजेण्टहरु वीरगन्ज भन्सार कार्यालयका धमिराको रूपमा चिनिन्छन् । राज्यले यिनीहरु माथि निगरानी बढाउनुको साथै छोटो अवधिमा अकुत सम्पति आर्जनको श्रोत खोज्नु पर्ने पीडित भन्सारका कर्मचारीहरुको भनाई रहेको छ ।

वीरगन्ज भन्सार कार्यालयका भ्रष्ट हाकिमहरुको पैसा भन्सार एजेण्ट प्रमोद जैन र राजभक्त श्रेष्ठले व्यवस्थापन गर्ने गरेको बुझिएको छ । जैनको कारोबार दुबईमा रहेकोले अधिकांश रकमको व्यवस्थापन उनले आफ्नो छोरा मोहित मार्फत गर्ने गरेका छन् ।

# अनुचित व्यापारिक क्रियामार्फत डिलर ठग्दै प्रमुख डिलर

**टुडे समाचारदाता**

राजविराज । भ्रामक प्रचार प्रसार र प्रलोभन देखाइ अनुचित व्यापारीक क्रियामार्फत ठगी गरेको भन्दै पीडित व्यवसायीले गलत प्रचारप्रसार गर्ने कम्पनी माथि कारबाहीको माग गरेका छन् ।

वैद्यनाथ कम्पनीका आर्यूवेदिक औषधिका प्रमुख वितरक बुटवल स्थित श्रीराम आयुर्वेदिक औषधि पसलका संचालक अश्विन शर्माले यसरी ठगी गरेको भन्दै पिडीत बनेका यहाँका आयुर्वेदिक औषधि व्यवसायीहरुले माग गरे ।

पीडीत मध्येका राजविराज- ७ स्थित साईबाबा आयुर्वेदिक पसलका संचालक रमाकान्त साहले वैद्यनाथ कम्पनीका आयुर्वेदिक औषधिका नेपालका लागि प्रमुख वितरक रहेका बुटवलस्थित श्रीराम आयुर्वेदिक औषधि पसलका संचालक शर्माले आफ्ना डिलरलाई इन्सेटिभ र आकर्षक बोनसको प्रलोभन देखाइ ठगी गरेको आरोप लगाए।

'एक वर्ष अघि सिरहाको लहानमा डिलरहरुको भेला गराइ प्रमुख वितरक शर्माले आफ्नो कम्पनीको औषधि बेचे बिक्रीका आधारमा इन्सेटिभ र बोनसलगायतका प्रोत्साहन रकम दिने भन्दै प्रलोभनमा पारे, व्यवसायी साहले भने- 'अहिले आएर विभिन्न बहाना देखाइ आलटाल गर्न थालेका छन ।'




उनले त्यतिबेला शर्माले इन्सेटिभ र बोनसबारे उपलब्ध गराएको 'वैद्यनाथ योजना २०८१/०८२' को चाट समेत सार्वजनिक गरे । सो चार्टमा वैद्यनाथ कम्पनीको औषधि विक्री गरे वापत डिलरलाई ५ लाखमा डेढ प्रतिशत, १२ लाखमा २ प्रतिशत र २४ लाखमा ३ प्रतिशत इन्सेटिभ वापत थप रकम दिने उल्लेख छ ।

औषधि व्यवसायी साहले आफूले ०८०/०८१ मा सो कम्पनीको ८ लाख मुल्य बराबरको औषधि विक्री गरेको प्रमाण देखाउँदै कम्पनीका प्रमुख वितरक शर्मा भने अहिले आएर इन्सेटिभ रकम दिन आलटाल गर्न थालेको र विभिन्न बहाना देखाउन थालेको गुनासो गरे ।

उनले भ्रामक प्रचार प्रसार गरी अनुचित ब्यापारिक क्रियाद्वारा ठगी गर्ने शर्मामाथि कारबाहीका लागि वाणिज्य तथा आपुर्ती मन्त्रालय देखि प्रहरी र अदालतसम्म पुग्ने बताए ।

सोही कम्पनीका अर्का वितरक सिरहाको गोलबजार स्थित फेज आयुर्वेद मेडिसिन सेन्टरका संचालक अतिक अनवरले एक वर्ष अघि लहानमा वैद्यनाथ औषधि कम्पनीका प्रमुख वितरक शर्माद्वारा आयोजना गरिएको डिलरहरुको भेलामा आफु पनि सहभागी रहेको बताए ।

'आफु उपस्थित रहेको सो कार्यक्रममा शर्माले "वैद्यनाथ योजना २०८०/०८१' सार्वजनिक गर्दै ५ लाख, १२ लाख र २४ लाख सम्मको कारोवार गर्ने डिलरलाई क्रमश डेढ, दुई र तीन प्रतिशत सम्म इन्सेटिभ दिने घोषणा गरेका थिए । उनले भने, 'अहिले आएर बोली फेरिनु राम्रो होइन ।'

यसबारे वैद्यनाथ कम्पनी औषधिका प्रमुख वितरक शर्माले डिलर साहलगायतको प्रक्रिया नपुगेको तथा समयमै इन्सेटिभ रकमको माग दाबी नआएकाले दिन नमिल्ने दाबी गरे ।

# निर्माण व्यवसायीले प्रधानमन्त्रीलाई १४ बुँदे ज्ञापनपत्र बुझाए

**टुडे समाचारदाता**

रौतहट । निर्माण व्यवसायीहरूको समस्याबारे ध्यानाकर्षण गराउँदै १४ बुँदे मागसहित निर्माण व्यवसायी संघ रौतहटले जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएका छन् । संघले सरकारलाई माघ १५ गतेसम्म मागहरू पूरा गर्न अल्टिमेटम दिएको छ । समयमै माग सुनुवाइ नभए संघले चरणबद्ध आन्दोलन गर्ने चेतावनीसमेत दिएको छ ।

संघका अनुसार निर्माण सामग्री, विशेषगरी सिमेण्ट र डण्डीको मूल्य अनावश्यक रूपमा बढाइँदा र कालोबजारीका कारण निर्माण कार्य प्रभावित भएको छ । संघले सिमेण्टको प्रति बोरामा दुई सय रुपैयाँ र डण्डीको प्रति किलोमा १५ रुपैयाँभन्दा बढी मूल्यवृद्धि भएको बताएको छ । यसले निर्माण व्यवसायीहरूको लागत बढ्नुका साथै विकास निर्माणका कामहरूमा बाधा पुऱ्याइरहेको संघको दाबी छ ।

सो ज्ञापन पत्रमा भनिएको छ, 'सिमेण्ट र डण्डीका उत्पादनमा प्रयोग हुने कुनै पनि कच्चा पदार्थको मूल्यमा वृद्धि नभए पनि कालोबजारी र कार्टेलिङका कारण सामग्रीको मूल्य अप्रत्याशित रूपमा बढेको छ । यो प्रक्रिया तुरुन्त रोक्न आवश्यक छ । संघले सरकारसँग भुक्तानी अभावको समस्या समाधान गर्न पनि आग्रह गरेको छ । ठेक्का लिएका निर्माण व्यवसायीहरूले समयमै भुक्तानी नपाउँदा आर्थिक संकटको सामना गर्नुपरेको उल्लेख गरिएको छ ।'

संघले सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनमा देखिएका कानुनी जटिलताहरूले निर्माण व्यवसायमा समस्या थपेको जनाएको छ । म्याद थपका सन्दर्भमा नियमावलीले कठिन अवस्था सिर्जना गरेको भन्दै त्यसलाई सहज बनाउन संघले माग गरेको छ । ज्ञापन पत्रमा निर्माण व्यवसायीहरूलाई दिइँदै आएको बैंकिङ सुविधामा राष्ट्र बैंकले कटौती गरेकाले व्यवसायीहरूले थप आर्थिक कठिनाइ भोग्नुपरेको उल्लेख गरिएको छ । संघले यस्तो नीति तत्काल परिमार्जन गर्न सरकारसँग आग्रह गरेको छ । संघले विगतमा सरकारले निर्माण व्यवसायीहरूसँग गरेका सहमति कार्यान्वयन नभएको भन्दै गम्भीर ध्यानाकर्षण गराएको छ । त्यस्तै, निर्माण क्षेत्रका समस्या समाधान र दीर्घकालीन योजनाका लागि एक उच्चस्तरीय निर्माण आयोग गठनको माग पनि ज्ञापन पत्रमा गरिएको छ ।




संघले १४ बुँदे माग पूरा नगरे आन्दोलनको चरणबद्ध कार्यक्रम सञ्चालन गर्ने चेतावनी दिएको छ । आन्दोलनका कार्यक्रम अन्तर्गत निर्माण सामग्री ढुवानी रोक्ने, निर्माण कार्य ठप्प पार्ने, र देशव्यापी प्रदर्शनसमेत हुने संघले जनाएको छ । ज्ञापन पत्रमा भनिएको छ माघ १५ सम्म पनि मागहरू पूरा नभए आन्दोलनको अर्को विकल्प हुँदैन । त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सरकार स्वयंले लिनुपर्नेछ । संघले देशभरका निर्माण व्यवसायीहरूलाई एकताबद्ध बनाउँदै ७ प्रदेश महासंघ, ७७ जिल्ला संघ, र २७९ एसोसिएट सदस्यहरूको सक्रिय सहभागितामा आन्दोलनको तयारी गरिरहेको जानकारी दिएको छ ।

रौतहटमा रहेको निर्माण व्यवसायी संघले देशभरका निर्माण व्यवसायीहरूको एकमात्र छाता संगठन निर्माण व्यवसायी महासंघको पूर्ण समर्थन रहेको जनाएको छ । संघले देशको समग्र विकास निर्माणमा निर्माण व्यवसायीहरूको योगदानलाई सम्मान गर्दै समस्या समाधान गर्न सरकारलाई गम्भीर रूपमा लिने आग्रह गरेको छ । संघले १४ बुँदे मागमा समयमै समाधान गर्न आग्रह गर्दै सरकारलाई माघ १५ सम्मको अल्टिमेटम दिएको छ । समस्याको समाधानमा ढिलाइ भए संघले आन्दोलनका चरणबद्ध कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरुको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिर्सौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोबाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालबालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८